जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २७ • अंक ४८ • २०८२ साल असार २३ गते सोमबार (7 July, Monday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-

## अन्तर्घात गर्ने केन्द्रीय सदस्य र सभापतिविरुद्ध उजुरी

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली काँग्रेसका केही केन्द्रीय सदस्य, जिल्ला सभापति र प्रदेश सभापतिविरुद्ध अनुशासनको उल्लंघनको उजुरी परेको जनाएको छ । जारी केन्द्रीय कार्यसमिति बैठकमा अनुशासन समितिका संयोजक आनन्दप्रसाद ढुंगानाले १९ जनाविरुद्ध अनुशासन उल्लंघनको उजुरी परेको जानकारी गराएका छन् । अधिकांशको उजुरी आम निर्वाचनमा, स्थानीय तहको, प्रदेशको र पार्टीको निर्वाचनमा अन्तर्घात गरेको उल्लेख रहेको उनले बताए ।

उनले भने, '११ जना केन्द्रीय सदस्य, १ जना प्रदेशसभापति र ७ जना जिल्ला सभापतिविरुद्ध अनुशासनसम्बन्धी कारबाहीको उजुरी प्राप्त भएको छ, उजुरीमाथि छानबिनको काम जारी रहेको पनि बताए। बैठकमा कसकसलाई उजुरी परेको हो भन्नेबारे उनले विवरण खुलाएनन् ।

काँग्रेस बैठकमा अधिकांश नेताहरूले अनुशासन समितिको भूमिकाप्रति प्रश्न उठाएका थिए । शेखर कोइरालादेखि अर्जुनरसिंह केसीसम्मले अनुशासन समिति पारदर्शी नभएको र मनलाग्दी गरेको आरोप लगाएका थिए । यसबारे ढुंगानाले आज आइतबार जवाफ दिएका छन् ।

# राजर्षि जनक विश्वविद्यालयको केन्द्रीय भवन मुजेलियामा नै बन्नु पर्छ :महासेठ दम्पत्ती

**टुडे समाचारदाता**

जनकपुरधाम । नेकपा एमालेका केन्द्रीय सचिव रघुवीर महासेठले नेपाली कांग्रेसका पूर्वउपसभापति विमलेन्द्र निधिकै कारण जनकपुरधामको विकास हुन नसकेको आरोप लगाएका छन् ।

जनकपुरधाममा आइतबार आयोजित प्रेस मिटमा पूर्वउपप्रधानमन्त्रीसमेत रहेका सचिव महासेठले राजर्षि जनक विश्वविद्यालयको प्रशासनिक भवन नबन्नुमा नेता निधिकै विकास विरोधी हर्कत रहेको आरोप लगाए ।

'प्रशासनिक भवन फुलगामाको मनिहारीमा बनोस् वा अन्य ठाउँमा बनोस्' उनले भने, मुजेलियामै विश्वविद्यालयको भौतिक संरचना निर्माण भएमा यहाँका वासिन्दालाई सहज हुने छ ।

उनले घुमाउरो परामा फुलगामामा निर्माण हुने कुरा नदोहोऱ्याए पनि मुजेलियामै निर्माण गर्नुपर्ने सुझाए ।

नेता निधिमाथि आरोप लगाउँदै सचिव महासेठले पटक-पटक विकास विरोधी काम गर्ने र अरुमाथि आरोप लगाउनु लज्जास्पद रहेको टिप्पणी गरे ।

समानुपातिकबाट छानिएका प्रतिनिधिसभा सदस्य निधिले विश्वविद्यालय स्थापनामा कुनै पनि भूमिका नरहेको जिकिर गर्दै उनले झुटो बोलेको महासेठको




आरोप थियो ।

नेता निधिले शनिबार आयोजना गरेको पत्रकार सम्मेलनमा धनुषा निर्वाचन क्षेत्र नम्वर ३ र ४ बाट निर्वाचित प्रतिनिधिसभा सदस्यहरु राजर्षि जनक विश्वविद्यालयको प्रशासनिक भवन मनिहारीवाट सारेर अन्यत्र लग्न लागेको आरोप लगाएका थिए ।

उनले भने, 'विमलेन्द्र निधिजी मेरो मित्र हो, म उहाँलाई सम्मान गर्छु, तर उनको पछिल्लो समय आएको अभिव्यक्ति गैर राजनीतिक र पूर्वाग्रहले परिपूर्ण रहेको छ।'

कार्यक्रममा रहेकी नेतृ जुली महासेठले आफूलाई महिला सांसद भनेर निधिले अपमान गरेको आरोप लगाइन् ।

एमाले सचिव महासेठले नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहालले वर्तमान सत्ता गठबन्धन तोड्न लागि परेको आरोप लगाए ।

'वर्तमान सत्ता गठबन्धन तोड्न राष्ट्रिय अन्तर ाष्ट्रिय शक्ति लागि परेको छ' उनले भने, त्यसको नेतृत्व अध्यक्ष प्रचण्डले गरिरहेका छन् ।

प्रचण्डलाई स्वतन्त्र सांसद र राष्ट्रिय स्वतन्त्र पार्टीहरूले सहयोग गरिरहेको पनि उनले बताए । वर्तमान सत्ता गठबन्धन मन नपराउने सत्ता घटककै केही सांसदहरू पनि गठबन्धनको बिरोधमा रहेको उनले बताए । तर पनि अहिलेसम्म वर्तमान गठबन्धन सरकार प्रतिकुल अवस्थामा नपुगेको उनले दावी गरे ।देशमा अहिलेको गठबन्धनको विकल्प नरहेको समेत उनले बताए ।

नेता महासेठले पार्टी अध्यक्ष केपी ओलीकै सहमतिमा पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी सक्रिय राजनीतिमा फर्किने दाबी गरेका छन् । महासेठले अध्यक्ष ओली र भण्डारीबिच कुनै अन्तरविरोध नभएको दावी गरे ।

'यदि उहाँ सक्रिय राजनीतिमा आउनुहुन्छ भने अध्यक्षको सहमति र प्रस्तावमा आउनुहुन्छ ।' उनले भने, 'हाम्रो संविधानले पूर्व राष्ट्रपतिलाई सक्रिय राजनीतिमा आउन कुनै बन्देज लगाएको छैन । न त हाम्रो पार्टीको विधानले बन्देज गरेको छ । सचिवालय बैठकमा पनि यसबारे छलफल भएकै हो ।'

'उहाँ सक्रिय राजनीतिमा आउन चाहनुहुन्छ भने किन रोक्ने ? संविधान र विधानले रोक्ने अधिकार दिएकै छैन', उनले भने- 'पूर्व राष्ट्रपतिले पार्टीभित्र अन्तर्विरोध बढाउने काम गर्नुभएको छैन । 'हाम्रा एक दुई जना साथीहरूले अन्तर्विरोध बढाउने काम गरिरहनुभएको छ ।' उनले भने, त्यो पनि राम्रो होइन । पूर्व राष्ट्रपतिलाई विवादमा ल्याउन खोजिएको छ, त्यो राम्रो होइन ।'

भण्डारीले अहिलेसम्म सक्रिय राजनीतिमा आउन सदस्यता नवीकरण गरेर फर्किने घोषणा मात्र गरेकाले कसरी अगाडि जाने विषयमा कुनै जानकारी नगराएको महासेठले बताए । अध्यक्ष ओली र भण्डारीबिच बाहिर जुन खालको अन्तर्विरोध भएको हल्ला चलिरहेको छ, त्यो निराधार रहेको छ ' उनले भने, 'अहिले बाहिर जुन प्रकारको हल्ला छ । प्रधानमन्त्री केपी ओली र पूर्व राष्ट्रपति विद्या भण्डारीबिच अन्तर्विरोध बढिरहेको छ । कार्यकर्ताहरू कित्ताकाट गरिरहेको छ । मिडियामा दिनहुँ कित्ताकाटको समाचार आइरहेका छन् । यसको कुनै सत्यता छैन । कुनै अन्तर्विरोध छैन । '

उनले मिडियाले आफूलाई पनि कित्ताकाट गरेकोमा असन्तुष्टि जनाउँदै कुनै कित्तामा नरहेको स्पष्ट पारे ।

## प्रदेश सभा बैठक अवरुद्ध, बजेट पुनर्लेखन गर्ने माग

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सभाको बैठक विपक्षी दलहरुको अवरोधको कारण अवरुद्ध भएको छ । आइतवार बसेको बैठक प्रारम्भ नहुँदै विपक्षी दलका सभासदहरुले अवरोध गरेपछि स्थगन भएको हो ।

असार १ गते सार्वजनिक भएको बजेटको रातो किताब सभासदहरुलाई गत १० गते उपलब्ध गराइएको थियो । तर ११ गते बोलाइएको बैठक सरकारको सहमतिमा सभामुख रामचन्द्र मण्डलले सूचना टाँसगरि अनिश्चितकालका लागि स्थगन गरेका थिए ।

प्रदेश सभाको बैठक स्थगन रहेको समयमा सभामुख मण्डलले गोष्ठि, प्रशिक्षणको नाममा झण्डै ३० लाख रुपैया सिध्याएको बताइएको छ ।

सत्ता र प्रतिपक्ष दुवै तर्फका सभासदहरुले चर्को बिरोध गरिरहेको बजेट पूनर्लेखन गर्नुपर्ने माग गरेका छन् । ११ दिनपछि आइतवार डाएिको बैठक विपक्षको अबरोधको कारण सोमवार सम्मका लागि स्थगन गरिएको छ ।

बैठकको प्रारम्भमा नै बजेट पुनर्लेखनको माग गर्दै विपक्षी




दलहरूले विरोध गरेपछि स्थगित गरिएको थियो । दिउँसो २ बजे डाकिएको बैठकमा विपक्षीहरुले अबरोध गरेपछि आधी घण्टाका लागि स्थगन गरिएको सो बैठक सूचना टाँस गरेर सोमवार १ बजे सम्मका लागि स्थगन गरिएको हो ।

सभासदहरुले ५ लाख सम्मको सबै योजनालाई हटाएर बजेट पूनर्लेखनगरि पेश गरेमात्र सदन चल्न दिने बताएका छन् ।

बजेट बनाउने क्रममा मन्त्रीहरुले भरपुर रुपमा बिचौलियाहरुको उपयोग गरेको सभासदहरुले आरोप लगाएका छन् । बजेटमाथिको पहिलो दिन छलफलको लागि बोलाइएको बैठकमा मुख्यमन्त्री सतिश कुमार सिंह, भौतिक मन्त्री सरोज यादव र अर्थमन्त्री सुनिल यादव सहित अनुपस्थित रहेका थिए ।

बजेट बिचौलियाहरुले बनाएको आरोप सत्ताको नेतृत्व गरिरहेको जनमत पार्टीका अधयक्ष डा.सी.के.राउतले पहिलो दिन नै लगाएका थिए । हुन त मुख्यमन्त्री सिंहलेपनि कर्मचारीहरु बदमासी गरेको आरोप लगाएर पञ्छिने प्रयास गरेका थिए । विपक्षी दलहरुले पनि राउतकै आरोप दोहऱ्याँउदै बजेट पूनर्लेखनको अडान लिएका छन् ।

बैठकमा दलका नेताहरू समेत उपस्थित नभएपछि स्थगित गरिएको प्रदेशसभा सचिवालयले जनाएको छ । बैठक सुरु नहुँदै विरोध हुन थालेपछि स्थगित गरिएको सभामुख मण्डलले जनाए ।

'यही मुख्यमन्त्रीले बजेट ल्याउँदा ह्याक भएको बताएको र अहिले उनकै दलका नेता बिचौलिया हाबी भएको भन्छन् । प्रतिपक्षीले पहिले नै भनिसकेको छ । २० वर्ष पहिलेसम्मका भुक्तानीका लागि मुख्यमन्त्रीको पिताको नाममा बजेट राखिएको छ । जबसम्म समान बजेट हुँदैन । बिचौलिया हाबी रहन्छ । तबसम्म कुनै पनि हालतमा बजेट पारित हुन दिन्नौं,' जसपा नेपालका प्रमुख सचेतक रामआशिष यादवले बैठक अवरुद्ध गर्दै चेतावनी दिए ।

सो बैठकमा जसपा नेपाल, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, राप्रपा, संघीय समाजवादी र नागरिक उन्मुक्ति पार्टीका सांसदहरूले संयुक्त रूपमा उठेर विरोध जनाएका थिए । आर्थिक विधेयकसँगै बजेटमाथि छलफल गर्ने बैठकको कार्यसूची रहेको थियो ।

बागमती प्रदेशमा बिचौलियाको सहयोगमा बनाइएको बजेटलाई अस्वीकारगर्दै सत्ता र विपक्षी दलका सभासदहरुले बैठक अवरुद्ध गरेपछि सरकारले संशोधनगरि बजेट पेश गरेको छ । सोमबार त्यहाँ बजेट पास हुने कार्यक्रम रहेको छ ।

**सूचना ! सूचना !! सूचना !!!**

(१) भारतीय पर्यटकहरुलाई यस प्रदेशमा आकर्षण तथा सहजीकरणको लागि नाकाहरुको प्रवेश विन्दुमा पर्यटक विश्राम स्थल निर्माण गरी पर्यटन सहजीकरणको लागि QR Code, Plates, Map of Touriest Navigation Boards, Pamphlets, Tourist guide तथा यातायातको प्रबन्ध गरी अधिकत्तम पर्यटकहरुलाई भित्र्याइने तथा Indian tourist data management system स्थापना गरी संचालन कार्य प्रबर्द्धन गरौं ।

(२) यस प्रदेशका प्रमुख पर्यटकीय स्थलहरु नजिक पर्यटक सुविधाको लागि पर्यटन मैत्री सामुदायिक पर्यटन विश्रामस्थल तथा सुविधा सम्पन्न धर्मशाला बनाउने कार्यमा जोड दियौं ।

(३) ग्रामिण क्षेत्रमा पर्यटन विकासको लागि Agro-tourism आवधारणलाई मूर्तरुप दिन Home-stay Tourism लाई प्राथमिकता दिई ठोस कार्यक्रम कार्यान्वयन गरौं ।

(४) पर्यटकको बसाई अवधिलाई लामो बनाउनको लागि यस प्रदेशको पर्यटकीय सम्पदाको विविधीकरण गरी धार्मिक, साँस्कृतिक, प्राकृतिक तथा वातावरणीय ग्रामिण ऐतिहासिक एवं पुरातात्विक पर्यटकीय सम्पदाको विकास, संरक्षण र सम्र्द्धन गरौं ।

**पर्यटन विकास कार्यालय**
**गौर, रौतहट**



# पर्साको ठोरी साक्षर गाउँपालिका घोषणा




वीरगञ्ज । ठोरी गाउँपालिकालाई जिल्लाकै पहिलो साक्षर पालिका घोषणा गरिएको छ।

"हाम्रो अथक मेहेनत र प्रयासकै कारणले जिल्लाकै पहिलो साक्षर पालिका हुन पाएका छौँ", ठोरीका गाउँपालिका अध्यक्ष लालबहादुर श्रेष्ठले भन्नुभयो, "यो गौरवको विषय हो । अन्य रचनात्मक काममा पनि आगामी दिनमा पनि ठोरीले राम्रो कामको सुरुआत गर्दै अघि बढ्नेछ।"

पालिकामा रहेका तीन हजार ८०९ घरपरिवारका १५ देखि ६० वर्ष उमेर समूहका सरकारले तोकेको १२ सूचकमध्ये आठ वटासम्म सूचक बताउन सक्ने १५ हजार ६७८ जनामध्ये १५ हजार ३२१ जना अर्थात् ९८ दशमलव ८६ प्रतिशत महिला र पुरुष साक्षर रहेकाले पालिकालाई साक्षर पालिका घोषणा गरिएको हो।

आसमान नेपालको समन्वयमा ठोरी गाउँपालिकाको पाँचवटै वडावासीको घरघरमा पुगेर साक्षरताको सर्भे गरेको थियो। ठोरी गाउँपालिकाका शिक्षा शाखा प्रमुख भुपाल जोशीले वडाको सम्पूर्ण घरमा बसोबास गर्नेसँग सरकारको तोकेको १२ सूचकमध्ये आठवटा सूचक पूरा गरेपछि साक्षर पालिका घोषणा गर्न सम्भव भएको बताउनुभयो।

जिल्लाको १४ पालिकामध्ये ठोरी साक्षर हुने पहिलो र समग्रमा मधेस प्रदेशका स्थानीय तहमध्ये सातौँ साक्षर पालिका हो । प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले ठोरीबाट सुरुआत भएको साक्षर पालिका घोषणा कार्यक्रम अन्य पालिकाले पनि अनुशरण गर्दै जानुपर्ने बताउनुभयो।

जिल्ला समन्वय समितिका प्रमुख निरञ्जनप्रसाद साह सोनारले ठोरीले साक्षर घोषणा गरेर अन्य पालिकालाई पनि साक्षर घोषणा गर्नका लागि सकारात्मक दबाब दिएको बताउनुभयो।रासस

# वीरगञ्ज भन्सार नाकामा संगठित अवैध असुली धन्दा

**अनिल तिवारी**

वीरगञ्ज । भारत-नेपाल सीमानाका वीरगञ्ज भन्सार हुँदै नेपाल प्रवेश गर्ने भारतीय नम्बर प्लेटका सवारी साधनहरूबाट दैनिक लाखौं रुपैयाँको अवैध असुली भइरहेको तथ्य फेला परेको छ । भन्सार कार्यालयका कर्मचारी र स्थानीय विचौलियाको मिलेमतोमा चलिरहेको गोरखधन्दाले भारतबाट नेपाल आउने पर्यटक र गाडी चालकहरूलाई गम्भीर रूपमा हैरानी पार्दै आएको छ।

अर्को तर्फ सिमावर्ती वीरगन्ज र आसपासमा रहेको भारतीय गाडी धनीले महिनवारी नै दिएर घरमै इन्टीकागज पाउने गरेका छन्।

प्रत्येक भारतीय गाडीमा तिन देखि पाँच हजार समेतको महिना भन्सारका कर्मचारीले लिने गरेका बताइन्छ। भारतीय गाडी चालकहरूले भन्सारमा सक्कली कागजात नभएमा 'कमिसन' बुझाएर मात्रै भन्सार पास हुने अवस्था बनाइएको छ।

यता इनर्वा र छपकैयाका युवाहरू मिलेर बनेको यो गिरोहले ब्लुबुक नभएका गाडीहरूलाई १०-२० हजार रुपैयाँ असुली गरेर भन्सार पास गराइदिने गरेको स्रोतहरूको दाबी छ। यस्ता गाडीहरूका लागि नक्कली कागजात र फर्जी गाडीधनी प्रमाण पत्रसमेत बनाइने गरेको बताइएको छ।




इनर्वा प्रहरी चौकीमा कार्यरत केही प्रहरीहरूले समेत यी विचौलियाहरूसँग मिलेमतो गरेर गाडी चालकलाई सुझाव दिने गरेको प्रमाणहरू बाहिर आएका छन्। भन्सार परिसरमै बिहान ८ बजेदेखि राति ११ बजेसम्म सक्रिय रहने गिरोहले दैनिक सयौं गाडीबाट अवैध रकम असुली गर्दै आएको छ।

विचौलिया अनिल यादवसँग भारतीय नागरिकता रहेको दाबी गरिएको छ, र उनले नेपालमा समेत नागरिकता लिएको हुनसक्ने शंका उठाइएको छ। भारतमा अपराध गरेर नेपाल लुकेर बस्ने गिरोहका सदस्यहरू पनि यिनैको सहयोगमा नेपाल प्रवेश गर्ने गरेका छन् । वीरगञ्ज नआइकनै पोखरा, काठमाण्डु, सौराहा जस्ता क्षेत्रमा पुगेका गाडीहरूको भन्सार वीरगञ्जबाटै नक्कली कागजातमा काटिने गरेको स्रोतको भनाइ छ।

होटल तथा पर्यटन व्यवसायी संघ मधेश प्रदेशका अध्यक्ष मोहन शर्माले भारतबाट नेपाल आउने पर्यटकले सीमामा दुःख पाएको गुनासो बारम्बार सुनिएको बताएका छन् । यसरी सीमामा भोगिएको हैरानीले नेपालको पर्यटनमा प्रतिकूल प्रभाव पार्ने सम्भावना रहेको उनले बताए।

वीरगञ्ज भन्सार कार्यालयका प्रमुख दीपक लामिछानेले केही व्यक्तिहरू नक्कली कागजात बनाउने गिरोहमा संलग्न रहेको सूचना आफूले पाएको स्वीकार गरे । अनिल यादवलाई पक्राउ गर्न प्रहरीलाई निर्देशन दिइएको र नितेश यादव तथा विक्रम यादवमाथि छानबिन भइरहेको बताए।

जिल्ला प्रहरी प्रमुख एसपी गौतम मिश्रले यस्ता कार्यमा संलग्न व्यक्तिमाथि प्रमाणसहित कारबाही गरिने बताए। प्रहरी संलग्नता देखिएमा उनीहरूमाथि पनि उस्तै कारबाही हुने उनको भनाइ छ।

भन्सार प्रशासकका अनुसार, वीरगञ्ज नाका हुँदै दैनिक ३-४ हजार गाडी नेपाल प्रवेश गर्छन्, जसमा ८० प्रतिशत गाडीमा कागजातको समस्या देखिन्छ।

विचौलिया समूहले एक गाडीबाट कम्तीमा ३ हजारदेखि १० हजार रुपैयाँ असुली गर्छन्।

संलग्न व्यक्तिहरूका अनुसार, संकलित रकम भन्सारकर्मी, प्रहरी र अन्य सरोकारवालाबीच बाँडफाँट हुन्छ।

भन्सारको सुरक्षामै खटिएका निकायकै मिलेमतोमा चलिरहेको यस्तो संगठित अवैध असुली धन्दाले न केवल कानुनी व्यवस्था कमजोर बनाएको छ, तर देशको पर्यटन र अन्तर्राष्ट्रिय छविमा समेत नकारात्मक असर पारिरहेको छ। यस्तो अव्यवस्था अन्त्य गर्न कडाइका साथ छानबिन र कारबाही हुनुपर्ने आवाज चुलिएको छ।

# पुनः खोप सुनिश्चितता तथा दिगोपना घोषणा

**टुडे समाचारदाता**

रौतहट। रौतहट जिल्ला पुनः खोप सुनिश्चितता तथा दिगोपना घोषणा गरिएको छ।

जिल्ला स्वास्थ्य कार्यालय, रौतहटको आयोजनामा पुनः खोप सुनिश्चितता तथा दिगोपना घोषणा गरिएको छ।



एक विशेष कार्यक्रमका बीच गरुडा स्थित एन प्लाजा होटलमा भव्य रूपमा सम्पन्न हुनुका साथै घोषणा गरिएको थियो।

सो कार्यक्रममा जिल्ला खोप समन्वय समिति सभापति एवं जिसस सभापति रामअयोध्या राय यादव, सिडियो विनोद कुमार खड्का, गरुडा नगरपालिकाका मेयर कन्थमणी प्रसाद जयसवाल, मौलापुर नगरपालिकाकी मेयर रीना साह, प्रादेशिक अस्पताल गौरका अध्यक्ष मोहम्मद अनवर हाशमी, मेडिकल सुपरिटेन्डेन्ट डाक्टर मुरारी ठाकुर सहित विभिन्न स्वास्थ्य संस्था, स्थानीय तहका जनप्रतिनिधि, समाजसेवी तथा सञ्चारकर्मीहरूको उल्लेखनीय उपस्थिति रहेको थियो।

स्वास्थ्य कार्यालय रौतहटका प्रमुख राजेश कुमार सिंहले जिल्लाभित्र खोप कार्यक्रमलाई अझ प्रभावकारी बनाउने प्रतिवद्धता व्यक्त गर्दै सबै सरोकारवालाहरूलाई सक्रिय सहभागिता जनाउन आह्वान गरेका थिए। उनले आगामी दिनमा रौतहटलाई पूर्ण खोप सुनिश्चित जिल्लाको रूपमा थप मजबुत बनाउने लक्ष्य रहेको बताए।

सो कार्यक्रमको अन्त्यमा जिल्लामा खोप कार्यक्रममा उल्लेखनीय योगदान पुऱ्याउने स्वास्थ्यकर्मीहरू तथा संस्थाहरूलाई सम्मानित समेत गरिएको थियो।

# आगामी नोभेम्बरमा दक्षिण कोरियामा नेपाल-कोरिया सांस्कृतिक तथा पर्यटन प्रदर्शनी

काठमाण्डु । एएमएस म्युजिक एण्ड इन्टरटेनमेन्ट प्रालिको आयोजनामा दक्षिण कोरियाको राजधानी सोलमा नेपाल-कोरिया सांस्कृतिक, पर्यटन तथा शैक्षिक प्रदर्शनी आयोजना हुने भएको छ। आइतबार यहाँ आयोजित पत्रकार सम्मेलनमा कम्पनीकी अध्यक्ष सत्यकला तामाङ लामाले आगामी नोभेम्बरमा दक्षिण कोरियामा विशेष कार्यक्रम आयोजना गर्न लागेको जानकारी दिनुभयो।

अध्यक्ष लामाले भन्नुभयो, "नेपाल र दक्षिण कोरियाबीच सांस्कृतिक आदानप्रदान, पर्यटन प्रवर्द्धन, नेपाली खाना तथा सामग्री प्रदर्शनीका साथै शैक्षिक तथा श्रमबारे बहस गर्ने उद्देश्यले कार्यक्रम आयोजना गर्न लागिएको हो, यसले दुई देशबीचको सम्बन्ध विस्तारमा सहयोग पुग्ने अपेक्षा छ।"

वर्ल्ड पिस युनियन र सर्भिस ओरियन्टेट इन्टरएक्टिभ भिडियो एप्लिकेसनको सहकार्यमा आयोजना हुने कार्यक्रममा नेपाली राष्ट्रिय कलाकारहरुको विशेष प्रस्तुति रहनेछ।

पत्रकार सम्मेलनमा कम्पनीका प्रबन्ध निर्देशक फूर्वा ग्याल्बो मोक्तान (थुप्तेन)ले कार्यक्रमले दुई




देशबीचको सम्बन्ध विस्तारका साथै नेपालमा पर्यटक बढाउनका लागि पनि सहयोग पुग्ने बताउनुभयो । "दक्षिण कोरिया र नेपालबीच लामो समयदेखि कूटनीतिक सम्बन्ध रहिआएको छ, यस कार्यक्रमले दक्षिण करियामा नेपालको पर्यटन तथा संस्कृति प्रवर्द्धन हुनुका साथै दुई देशबीचको सम्बन्ध थप बलियो हुनेछ", उहाँले भन्नुभयो।

कार्यक्रममा नेपालमा उत्पादन भएका सामानहरु प्रदर्शनीमा राखिनेछ भने व्यवसायीहरुबीच व्यावसायिक साझेदारीको अवसर पनि सृजना हुने जनाइएको छ । पत्रकार सम्मेलनमै उक्त कार्यक्रमका लागि वर्ल्ड पिस युनियन अर्गनाइजेसन, वर्ल्ड पिस एम्ब्यासडरका नेपाल गुडविल एम्ब्यास्डर योसेफ काङ र आयोजक कम्पनीका अध्यक्ष लामाबीच सम्झौता समेत भएको थियो।

वर्ल्ड पिस एम्ब्यासडरका नेपाल गुडविल एम्ब्यास्डर योसेफ काङले आफू यहाँ विश्व शान्तिका लागि आएको उल्लेख गर्दै आगामी नोभेम्बरमा हुन लागेको यस कार्यक्रमले दुई देशबीचको सम्बन्ध विकासमा सहयोग गर्ने बताउनुभयो। "उक्त कार्यक्रम दुई देशबीचको सम्बन्ध विस्तारमा सेतु बन्ने विश्वास छ, हामीले विभिन्न देशमा यसप्रकारका कार्यक्रम गर्दै आएका छौँ", उहाँले भन्नुभयो, "कोरियामा नेपाली खाना, संस्कृति र पर्यटन तथा व्यापार विस्तारमा कार्यक्रम माध्यम बन्नेछ।"रासस

# बर्थिङ केन्द्र सञ्चालन

**टुडे समाचारदाता**

लहान । सिरहाको लहान नगरपालिकाको दुर्गम मानिने लहान नगरपालिका-१६, तरेगनामा यसै वर्षदेखि बर्थिङ केन्द्र सञ्चालनमा आउने लहान नगरपालिका स्वास्थ्य शाखाले जनाएको छ।

लहान नगरपालिका-१६ स्थित तरेगनामा बर्थिङ केन्द्र यसै वर्ष सञ्चालनका लागि सबै प्रक्रिया पूरा भइसककेको लहान नगर प्रमुख महेशप्रसाद चौधरीले सुत्केरी र गर्भवति महिलाहरूलाई पोषण प्याकेज वितरण गर्दै तत्कालै सञ्चालनमा आउने जनाए।

प्रत्येक महिनाको २२ गते वितरण गर्दै आइरहेको पोषण प्याकेज कार्यक्रम अन्तर्गत पाँच हजारभन्दा बढी महिलाहरूले यो प्याकेज पाइसकेको उनले भन्दै यस दुर्गम भेगमा बर्थिङ केन्द्रको स्थापना गरेर प्रसुति सेवा उपलब्ध हुने बताए । प्रत्येक महिनाको २२ गते आलोपालो गरी लहान नगरपालिकाको २४ वटै वडामा पोषण प्याकेज वितरणको कार्यक्रमलाई लहान नगर प्रमुख महेश प्रसाद चौधरीले निरन्तरता दिँदै आइरहनु भएको छ।



लहानस्थित रामकुमार उमा प्रसाद प्रादेशिक अस्पतालमा प्रसूति सेवा लिन लहान-१६ दुर्गम क्षेत्रमा रहेको भसुवा भाम्रेका स्थानीयहरू वर्षाको याममा अस्पताल पुग्नै नसक्ने अवस्थामा प्रसुति सेवा लिन नपाएर मृत्युको मुखमा पुग्ने समस्या सधैंको लागि अन्तय हुने नगर प्रमुख चौधरीले विश्वास दिलाए।

लहान-१६ मा बर्थिङग केन्द्र माध्यमिक विद्यालय सञ्चालन हरेक टोलामा ढलान सडक पर्यटन प्रवर्धनका लागि स्थानीय जनाताले गरेका मागहरू पुरा हुँदै जान थालेकोले आफू वडावासीमा खुसी छाएको वडाध्यक्ष गरुल बहादुर जर्घा मगरले खुसी व्यक्त गर्दै नगर प्रमुख चौधरी र स्वास्थ्य शाखा प्रमुख बिन्देश्वर चौधरीलाई धन्यवाद ज्ञापन गरे।

४५ जना सुत्केरी र गर्भवती महिलाले दस किलो चावल एक किलो दाल गेडागुडी एक लिटर तेल र नुन मिलाएको पोषण प्याकेज पाएर आफूहरू निकै खुसी भएको सुनाए।

सुत्केरी महिला र गर्भवती महिलाहरूले नियमित स्वास्थ्य जाँच र सुरक्षित सुत्केरी गराउन धामीझाक्री र अन्धविश्वासमा नपरी तरेगनामा रहेको स्वास्थ्य चौकी र बर्थिङ केन्द्रमा सम्पर्क राख्न स्वास्थ्यय शाखा प्रमुख बिन्देश्वर चौधरीले सचेत गरे। उनले यस वर्ष दक्षिणी भेगमा लहान-१९ स्थित घरापटी स्वास्थ्य केन्द्र र लहान-१६ स्थित तरेगना स्वास्थ्य केन्द्रमा बर्थिङ केन्द्र सुचारु ग्रिने तयारी अन्तिम चरणमा पुगि सकेको जानकारी गराए।

# राज्यका हरेक संरचनामा दलितको जनसंख्याको आधारमा सहभागिताको माग

काठमाण्डु । विभिन्न राजनीति दलका नेताले राज्यका सबै संरचनामामा दलित समुदायको जनसङ्ख्याका आधारमा समान सहभागिता हुनुपर्ने माग गरेका छन्।

राष्ट्रिय दलित पत्रकार सङ्घ नेपाल (नाडजोन) ले यहाँ आइतबार आयोजना गरेको 'दलित आन्दोलन, समावेशी नीति र आमसञ्चारको भूमिका' विषयक अन्तरसंवादमा उहाँहरुले कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकालगायत राज्यका संरचनामा दलित समुदायको उपस्थिति कमजोर रहेको उल्लेख गर्दै जनसङ्ख्याका आधारमा समान सहभागिताको माग गर्नुभएको हो।

नेपाल समाजवादी पार्टी (नयाँशक्ति)का उपाध्यक्ष दुर्गा सोबले राज्यका हरेक संरचनामा दलित समुदायको अर्थपूर्ण सहभागिता हुनुपर्नेमा जोड दिनुभयो । संविधानसभाका सदस्य तथा (नाडजोन)का अध्यक्ष विनोद पहाडीले संविधानमा राज्यका सबै निकायमा दलितको समानुपातिक सहभागिता हुने भनिए पनि व्यवहारिक रूपमा कार्यान्वयन हुन नसकेको गुनासो गर्नुभयो। जनताको सर्वोच्च निकाय सङ्घीय संसद्मा दलित समुदायको सहभागिता घट्दो रहेको उल्लेख गर्दै गएको उहाँको भनाइ छ।

हाल प्रतिनिधिसभामा दलित समुदायबाट १६ जना अर्थात् पाँच दशमलव ८१ प्रतिशत प्रतिनिधित्व छ । दलितको जनसङ्ख्या भने १३ प्रतिशत छ । विसं २०६४ सालको संविधानसभामा ५० जना दलित (८.३२ प्रतिशत)को उपस्थिति थियो । विसं २०७० सालको संविधानसभामा ४० जना (६.६५ प्रतिशत) र २०७४ सालमा प्रतिनिधिसभामा २० जना (७.२७ प्रतिशत) रहेको थियो । रासस


## ज्योतिष-मार्गदर्शन

प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | तपाईका लागि आजको दिन राम्रो छ। उपचारमा भए औषधी नियमित गर्नुपर्दछ। |
| वृष : | राजनीतिमासक्रियभएसरकारकाप्रमुख निकायमा नियुक्तिको सम्भावना छ। |
| मिथुन : | शैक्षिक क्षेत्रमा प्रगति हुनेछ । परीक्षा लेखेको भए राम्रो नतिजा प्राप्त हुनेछ। |
| कर्कट : | राजनीतिक क्षेत्रमा भन्दा व्यापारमा फाइदा हुनेछ। |
| सिंह : | परिवारको साथमा महत्वपूर्ण काम बन्नेछ। सहकर्मीको साथ मिल्नेछ। |
| कन्या : | आज धनलक्ष्मी योग परेको छ। सञ्चित धनको सदुपयोग गर्नुपर्ने दिन छ। |
| तुला : | विरोधी समूह सक्रिय भए पनि मिहिनेतको फल प्राप्त हुनेछ। |
| वृश्चिक : | श्रम गरेको क्षेत्रबाट पारिश्रमिक प्राप्त हुनेछ। |
| धनु : | हरेक काममा निरन्तर प्रयासको खाँचो देखिन्छ। |
| मकर : | बौद्धिक व्यक्तिसंगको भेटले मनमा खुशी मिल्नेछ। |
| कुम्भ: | बिहान उठेर शिवको भजन मात्र सुन्न सकेमा व्यापारमा नाफा हुनेछ। |
| मीन : | आज सामान्य दैनिकीमा रमाउनु पर्नेछ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्लाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

### रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ५:०० बजे |
| बिहान पूजा आरती | ८:०० बजे |
| भोगराज लाग्ने समय | ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | १२:०० बजे |
| मन्दिर बन्द हुने समय | १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | ४००: बजे |
| रात्री आरती पूजा हुने समय | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | १०:०० बजे |

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| बिहान पूजा आरती | ०७:०० बजे |
| बिहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| मंगल आरती | ०७:३० बजे |
| महाप्रसाद भोग | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:०० बजे |
| रात्रि भोग | ०९:०० बजे |
| पट बन्द | ०९:१५ बजे |



डिभिजन वन कार्यालय जलेश्वरको भंगहा नगरपालिका -४ स्थित नर्सरीमा उत्पादन गरिएको विभिन्न प्रजातीका बिरूवा । यस वर्ष उक्त कार्यालयले जिल्लाको १५ वटै पालिकामा नौ लाख ४० हजार बिरुवा निःशुल्क वितरण गर्ने लक्ष्य राखेको छ। *तस्बिरः रासस*

# उन्नत धान तथा पशुपालन तालिम सम्पन्न, ९० जना किसान लाभान्वित

**टुडे समाचारदाता**

जनकपुरधाम । धनौजी गाउँपालिका-१, लखौरीमा गरिबसंग विशेष्वर कार्यक्रम अन्तर्गत उन्नत धान खेती तथा पशुपालनसम्बन्धी तीन दिने तालिम सम्पन्न भएको छ। असार १८ गतेदेखि सुरु भएको उक्त तालिम असार २० गते सम्पन्न भएको हो ।

गरिवसंग विशेस्वर कार्यक्रम अन्तरगत गरिएको दुइ किसीमको तालिम उन्नत धान खेतीसम्बन्धी तालिममा ४५ जना किसान सहभागी भए भने पशुपालनसम्बन्धी तालिममा पनि ४५ जनाको सहभागिता रहेको थियो। पशुपालनसम्बन्धी प्रशिक्षण राजीव यादवले प्रदान गरेका थिए भने उन्नत धान खेतीसम्बन्धी तालिम राघवेन्द्र लाल कर्णले प्रशिक्षण दिएका थिए।



समापन कार्यक्रममा वडाध्यक्ष श्याम किशोर साह, वडा सदस्य नागेन्द्र साह, दलित महिला सदस्य विभा दास, रामरिखी ठाकुर, रामप्रवोध मण्डल लगायतको उपस्थिति रहेको थियो । कार्यक्रममा सामाजिक परिचालक रामसागर साहले तालिमको उद्देश्य र प्रभावबारे जानकारी दिए।

संगठित समूहकी अध्यक्ष रानी देवी दासले तालिमबाट प्राप्त ज्ञान कृषकहरूका लागि अत्यन्त उपयोगी भएको बताइन् । उनले भनिन्, "तीन दिने तालिमले हामीलाई उन्नत धान खेतीको प्रविधिबारे बुझ्न सहयोग गर्‍यो, अब खेतिपाती अझ सजिलो हुनेछ ।" कार्यक्रम गरिबसंग विशेष्वर अभियानअन्तर्गत सञ्चालित हो, जसको उद्देश्य गरिब तथा सीमान्त किसानहरूलाई सीपमूलक तालिममार्फत आत्मनिर्भर बनाउने हो।

# घरदैलोमा नागरिकता वितरणले सेवाग्राही उत्साहित



वीरगञ्ज। ठोरी गाउँपालिका-३ शिकारीबासकी पुनिया कुमारीले ५३ वर्ष पुग्दा पनि नागरिकता प्राप्त गर्न सकिरहनुभएको थिएन । यस्तो अवस्थामा उहाँले आफ्ना सन्तानको समेत नागरिकता बनाउन सकिरहनुभएको थिएन। तर, जिल्ला प्रशासन कार्यालयले शनिबार सञ्चालन गरेको एकीकृत सेवा सञ्चालन कार्यक्रममार्फत वैवाहिक अङ्गीकृत नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेपछि कुमारीमा खुसीको कुनै सीमा नै छैन।

"इलाका प्रशासन कार्यालय सुपौली पुगेर नागरिकता लिन सक्ने अवस्था थिएन", उहाँले भन्नुभयो, "घरदैलोमा आयोजित एकीकृत सेवा सञ्चालनमार्फत नागरिकता प्राप्त गर्दा खुसीको कुनै सीमा नै छैन।"

पर्साको विकट तथा ग्रामीण भेग शिकारीबासकी पुनिया कुमारीले मात्र नभएर आवश्यक कागजात पुगेका ठोरी गाउँपालिका-३ शिकारीबासका अन्य आठ जनाले आफ्नै घरदैलोमा नागरिकता प्राप्त गरेका छन्। प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले विकट ग्रामीण भेगका जनतालाई घरदैलोमा सेवा प्रवाह गर्न शिकारीबासमा एकीकृत सेवा सञ्चालन कार्यक्रमअन्तर्गत नागरिकता वितरण गरिएको जानकारी दिनुभयो।

"इलाका प्रशासन कार्यालय सुपौली र जिल्ला प्रशासन कार्यालय वीरगञ्ज धाउन नसक्नेलाई गाउँघरमै नागरिकता वितरण गरेका छौँ", उहाँले भन्नुभयो । प्रशासन कार्यालयसम्म धाउन नसक्ने सर्वसाधारणलाई घरदैलोमै सेवा गर्ने कार्य प्रशासनले थालेको प्रजिअ अर्यालले बताउनुभयो।

जिल्ला प्रशासनकै अगुवाइमा शनिबार शिकारीबासमा जनता आवास कार्यक्रमअन्तर्गत स्थानीय पाँच जनासँग आवास निर्माणको सम्झौता पनि भएको छ । पूर्वाधार विकास कार्यालय वीरगञ्जको अगुवाइमा प्रतिघर रु तीन लाख ७२ हजारको लागतमा घर निर्माणको कार्य शुभारम्भ गरिएको छ। शिकारीबासमा घरविहीन भएका पाँच परिवारका लागि आवास निर्माणको प्रबन्ध मिलाइएको पूर्वाधार विकास कार्यालयका प्रमुख लालबाबु रायले जानकारी दिनुभयो। यसले आवासविहीन परिवारलाई राहत मिल्ने छ।

नारायणी अस्पताल वीरगञ्ज, स्वास्थ्य कार्यालय वीरगञ्ज, रुगटाँ वेलफेयर सोसाइटी, वीरगञ्ज सामुदायिक आँखा अस्पताल, सूर्या हस्पिटल, इम्प्याक्ट् नेपाल रुगटाँ वेलफेयर नाक कान उपचार केन्द्रलगायतको साझेदारीमा शनिबार नै शिकारीबासमा बृहत स्वास्थ्य शिविर आयोजना गरिएको थियो । सो शिविरमा एक सय ५० भन्दा बढी सेवाग्राही लाभान्वित भएका छन्।

त्यसैगरी, जलस्रोत तथा सिँचाइ विकास डिभिजनका योजना प्रमुख तथा इञ्जिनियर राकेश साहले शनिबार नै ठोरीको शिकारीबासमा नदी कटान क्षेत्रमा करिव रु १० लाख लागतको नदी तटबन्धसहितको तारजालीको व्यवस्था गर्न लागेको जानकारी दिनुभयो। उद्योग विभाग मधेस प्रदेशका महानिर्देशक सुशीलकुमार साहले कार्यालयले आगामी आवमा उद्यमशीतलताको विकास गर्न आवश्यक पर्ने तालिमको प्रबन्ध गर्न लागेको बताउनुभयो।

कपर्साका सहायक प्रमुख जिल्ला अधिकारी बाबुलाल रेग्मीले जिल्ला प्रशासन कार्यालयले सेवाग्राहीलाई सदैव सहज र सुलभ सेवा प्रदान गर्न आवश्यक सहजीकरण गर्दै आएको बताउनुभयो।रासस

# धान रोप्न नपाएपछि किसान चिन्तित

महोत्तरी । समयमा वर्षा नभएपछि मुख्यबाली धान लगाउन नपाएको भन्दै यहाँका किसानले चिन्ता व्यक्त गरेका छन् । असार तेस्रो साता लागिसक्दा पनि पानी नपरेपछि आकाशे पानीको भरमा खेती गर्ने किसान चिन्तित बनेका हुन्।

"आव बुझाइय, धान रोप नई पायब, अखाड सेहो २२ भगेल, आव भरोसा टुइटगेल" (अब धान रोप्न पाइन्न क्या र ! असार पनि २२ भइसक्यो, अब आश टुट्यो) आकाशतिर फर्कँदै भङ्गाहा-४ थारुटोलकी रामसुनरदेवी चौधरीले भन्नुभयो, "इ कोन समय आयल, किछ नई बुझाइय"(यो कस्तो समय आयो, केही बुझ्न सकिएन।)

धान लगाउन नपाएपछि यहाँका अधिकांशको एउटै चिन्ता छ, 'अबको गुजारा कसरी चलाउने होला ?' मुलुकका कतिपय भेगमा मध्य असारअघि रोपाइँ सकिएको खबर सुन्दा यहाँका किसान भने यो वर्ष रोपाइँ गर्न पाइन्छ वा पाइँदैन भन्नेमा चिन्तित छन्। "सुनैछी कतेको जग रोपनी भगेल, मुदा अपन त एको गब नई लागल" (सुन्छौं, कैयन ठाउँमा रोपाइँ भइसक्यो, तर आफूले त एक गब पनि रोप्न पाइएको छैन) भङ्गाहा-४ टोकाहाका राजकुमार दासले भन्नुभयो, "बारिसको कोनो लक्षणकरम नई दिखाइय" (पानी पर्ने त कुनै लक्षण नै देखिँदैन ।) लामो खडेरीले



ब्याडको बीउ पनि पहेँलिएर सुक्दै गएपछि आफूहरूलाई अब पर्ने पानीले पनि राहत दिने अवस्था नरहेको किसान बताउँछन्।

"अब पानी परिहाले पनि बीउ अपूग हुन्छ, पहेँलिएको बीउ बौरिन समय लाग्छ", बर्दिबास-९ पशुपतिनगरका रामचन्द्र थापा मगरले भन्नुभयो, "यो खेतीपाती भनेकै दुख्याहा कर्म रहेछ।"

धान रोप्न नपाएपछि किसानलाई असारमास चलिरहेको भन्न पनि मन छैन । "असार मासलाई घरमा मरेको मान्छेको शव छोपछाप गरेर रोपाइँमा निस्कने बेला भन्ने स्थापित भनाइ छ, तर हामी त आकाश ताकेर बसेका छौँ", बर्दिबास-६ कृष्णपुरका बलराम कार्कीले भन्नुभयो, "खेतमा पानी भए न असार लाग्ने हो, न पानी छ, न असारको काम ।" असार पनि घर्किंनै लाग्दासम्म रोपाइँको कुनै छाँट नदेखिएपछि के गर्ने भन्ने सोच्न नसकिएको उहाँले बताउनुभयो।

पानी नपरेर समयमा खेती लगाउन नपाएको चिन्ताले अहिले यहाँका किसान दोधारमा छन्।

असार २२ सम्म पानी नपर्दा यहाँका किसानले धानको गबो सम्म लगाउन पाएका छैनन्। "पानी पर्न सकेन, धानको गबो लाउन नि पाइएको छैन", बर्दिबास-९ पशुपतिनगरका महेन्द्र महतोले भन्नुभयो, "यसपाली परिवारको जीविकोपार्जन कसरी गर्ने भन्ने चिन्ता छ।"

महोत्तरीसहित मधेशमा सामान्यतया जेठ २२ (जेठ तेस्रो साता) भित्र ब्याड राखीसक्ने, असार तेस्रो साताभित्र शाही रोप (बीउ रोप) सक्ने र साउन तेस्रो साताभित्र खरुअन (कलम, पहिलेको बीउ रोपो गाँजिएपछि त्यो उखेलेर रोपिने) धानबाली लगाउने तालिका रहँदै आएको छ। यसपालि अधिकांशले लाग्दो असारको छिटफुटे वर्षामा बीउ राखेका हुन्।

महोत्तरीमा करिब ७१ हजार हेक्टर खेतीयोग्य जग्गामध्ये ४५ हजार हेक्टरमा धानखेती लगाउने गरिएको कृषि ज्ञान केन्द्र महोत्तरी कार्यालय जलेश्वरले जनाएको छ।

"यसपाली पानी नपरेकाले सिँचाइ अभावले समयमा धानको ब्याड राख्न नसकेपछि अहिलेसम्म रोपाइँ भएको छैन", कार्यालय प्रमुख एवं वरिष्ठ कृषि अधिकृत देवानन्द यादवले भन्नुभयो, "यसपालि धान रोपाइँ पछि पर्ने छाँट छ ।" मुस्किलले जिल्लामा पूग/नपूग तीन-चार प्रतिशत मात्र रोपाइँ भएको उहाँले जानकारी दिनुभयो।

"जिल्लाको कूल खेतीयोग्य जग्गामध्ये १० प्रतिशत मात्र कुलोको पानी लाग्नेगरी सिँञ्चित छ। यसपालि लामो खडेरीले कुलो चल्ने पानीका स्रोतका मूहान सुकेका छन्। राम्ररी पानी नपरेसम्म मूहान नरसाउने हुँदा यस्ता जग्गामा पनि रोपाइँ हुन सकेको छैन", यादवले भन्नुभयो। तीनै तहका सरकारका नीति तथा कार्यक्रम र बजेटमा कृषिको चर्चा भए पनि उपलब्धिमूलक रूपमा कार्यान्वयन नभएको किसानको गुनासो छ।

वास्तविक किसानले पाउने सहुलियत वास्तविक किसानसम्म नपुगेपछि निराशा बढेको भङ्गाहा-६ का राजकिशोर यादवले बताउनुभयो।

सही समयमा पानी नपर्नुका प्राकृतिक कारण भए पनि अधिकांश मानव सिर्जित रहेका वातावरण तथा चुरे विज्ञ डा विजयकुमार सिंहले बताउनुभयो। "धेरै असर विश्वव्यापी जलवायु परिवर्तनको हो । अनि स्थानीय कारणमा चुरे पहाड र नदीक्षेत्रमा अनियन्त्रित उत्खनन बढ्नु, वन मासिँदै जानुले सन्तुलित वर्षा हुन छाडेको छ", उहाँले भन्नुभयो।रासस

# मुस्लिम समुदायले पर्सामा पनि मनाउँदै मोहर्रम

वीरगञ्ज। मुस्लिम समुदायले पर्सा जिल्लामा पनि मोहर्रम पर्व मनाइरहेका छन् । यस अवसरमा आइतबार वीरगञ्ज महानगरका विभिन्न ठाउँबाट घण्टाघरचोकमा आएर मुस्लिम समुदायका युवाले लाठ्ठीका विभिन्न कला प्रदर्शन गरेका छन्।

नेपाल मुस्लिम समाज सङ्घका उपसचिव अलिअस्गर अन्सारीले वीरगञ्जसहित पर्सा जिल्लामा विभिन्न प्रकारका कला प्रस्तुत गरेर मोहर्रम पर्व मनाइरहेको बताउनुभयो । "मुस्लिम समुदायले विगतमा मोहर्रम अर्थात् दाहा पर्व हातहतियारका विभिन्न कौशल प्रस्तुत गरेर मनाइने गरिन्थ्यो । प्रशासनको अनुरोधमा हामीले हातहतियारको सट्टामा लाठ्ठीका विभिन्न कला देखाएर पर्व मनाइरहेका छौँ । यो क्रम आइतबार बेलुकासम्म चल्नेछ।"

वीरगञ्जको चोकचोकबाट मुस्लिम समुदायले नेपालको राष्ट्रिय झण्डा तथा आफ्नो कला, संस्कृति झल्किने झण्डासहित उपस्थित भएका छन् । यस्तै, मुस्लिम युवाले घण्टाघर चोकमा घोडा सवार गरेर पनि थप मनोरञ्जन गराएका थिए।

इस्लामिक नयाँ वर्ष हिजरी संवत् सुरु भएपछि यो पर्व एकदेखि १० तारिखसम्म मनाइने गरिन्छ। मुस्लिम समुदायले घरमा पूजापाठ गरी राखिएको तहाजियालाई मुहर्रमका दिन करबलामा लगेर सेलाइने चलन छ। जिल्ला प्रहरी कार्यालय पर्साका प्रमुख गौतम मिश्रले पर्वलाई मर्यादित र शान्तिपूर्ण रूपमा मनाउनका लागि अनुरोध गर्नुभयो। यहाँ बिहानैदेखि मुख्यमुख्य चोकमा सुरक्षा व्यवस्था कडा बनाएको छ।

मुसलमान समुदायको मोहर्रम पर्वका अवसरमा घरघरमा राखिएका ताजियाले नेपालगञ्ज ताजियामय बनेको छ।

मुसलमान समुदायका व्यक्तिहरूले पर्वका अवसरमा आफ्नो गच्छेअनुसारका ताजिया घरमा स्थापना गरेका छन् । मुस्लिम धर्मका प्रवर्तक हजरत मोहम्मदको नाति हजरत इमाम हुसेनले गरेको साहदतको सम्झनास्वरुप मोहर्रम पर्वका अवसरमा ताजिया राख्ने चलन रहेको बाँकेका मुस्लिम अगुवा नेपाल मुस्लिम इत्तेहाद सङ्गठनका केन्द्रीय अध्यक्ष मोहम्मद हारुन हलवाईले बताउनुभयो।

उहाँका अनुसार इस्लामिक क्यालेन्डरको पहिलो महिनामा मनाइने मोहर्रमको नवौँ दिनमा मुस्लिम धर्मावलम्बीहरूले आ-आफ्नो घरमा राखेको ताजिया १० औँ दिनमा कर्बलामा विसर्जन गर्ने गरिन्छ। ताजिया बाँस, कागजको ढड्ठालगायतका कच्चा सामग्रीको प्रयोग गरी बनाइने गरिएको छ।

मुस्लिम समुदायले घरघरमा स्थापना गरेका ताजिया सामूहिक रूपमा आज घर नजिकै रहेका कर्बलाहरूमा विसर्जन गर्छन् । नेपालगञ्जमा मुस्लिम, हिन्दू तथा अन्य जातिले पनि आ-आफ्नो घर अगाडि ताजिया राखेर पूजाआजा गर्ने गर्छन्। मोहर्रमको अन्तिम दिन घरघरमा राखिएका ताजिया बोकेर स्थानीय कर्बलामा पुगी ताजिया सेलाएपछि मोहर्रम सकिन्छ।

आफ्नो आर्थिक हैसियतअनुसार ताजिया स्थापना गरिने परम्परा भए पनि पछिल्ला केही वर्ष ठूलो ताजिया



राख्ने अस्वस्थ प्रतिस्पर्धा देखिएको मुस्लिम धर्मगुरु मौलाना अब्दुल जब्बार मञ्जरीको भनाइ छ । उहाँले साना-ठूला जस्तो ताजिया राखे पनि विसर्जन गरिने भएकाले ठूलै राख्नुपर्ने कुनै जरुरी नरहेको बताउनुभयो।

हिन्दूलगायत अन्य धर्म समुदायले समेत मनाउन थालेपछि मोहर्रम पर्व धार्मिक सद्भावका रूपमा विकसित हुँदै गएको छ । भाकल गरी घरमा स्थापना गरिएको ताजियालाई पूजाअर्चना गर्नाले पारिवारिक सुख, समृद्धि तथा मनोइच्छा पूरा हुने विश्वास रहेको उहाँले बताउनुभयो।

**अग्लो ताजिया राख्ने होडबाजी**

नेपालगञ्ज उपमहानगरपालिका-११ पासाङल्हामु मार्ग निवासी चाँदबाबु राहीले यो वर्ष ७० फिट उचाइको ताजिया स्थापना गर्नुभएको छ। मोहर्रम पर्वका अवसरमा राहीले केही वर्षयता बाँके जिल्लामै सबैभन्दा अग्लो ताजिया राख्ने होडबाजी गर्दै आउनुभएको छ। भारतको बहराइच जिल्लास्थित आलीनगरबाट यो वर्ष रु एक लाखमा खरिद गरेर ल्याएको ताजिया बाँके जिल्लामा सबैभन्दा अग्लो रहेको उहाँको दाबी छ।


मोटरसाइकल ग्यारेजमा मिस्त्री काम गर्दै आउनुभएका २७ वर्षीय राहीले चन्दा अथवा दानबाट नभई आफ्नो निजी रकम खर्च गरेर आफ्नो टोलमा प्रत्येक वर्ष अग्लो ताजिया राख्ने गर्नुभएको छ । ताजिया खरिदका लागि प्रत्येक महिना आफ्नो आम्दानीबाट रकम छुट्याएर बचत गर्ने गरेको उहाँको भनाइ छ।

"मेरो मनको खुसी र श्रद्धाका लागि मैले आफ्नै खर्चमा ताजिया लगाउने गरेको छु", राहीले भन्नुभयो, "यो वर्ष ७० फिटको उचाइको यो बाँके जिल्लामा सबैभन्दा ठूलो ताजिया हो ।" चार महिना अगाडि नै राहीले ताजिया निर्माणका लागि 'अर्डर' गर्नुभएको थियो । चारवटा ट्र्याक्टरको ट्रलीमा भारतको बहराइचबाट ल्याएको ताजियालाई गए राति घर अगाडि स्थापना गरेको उहाँले जानकारी दिनुभयो।

विगत आठ वर्षदेखि राहीले आफ्नै लगानीमा जिल्लामै सबैभन्दा अग्लो ताजिया राख्दै आएको उहाँका छिमेकी मोहम्मद जुनेद राहीले बताउनुभयो । बाँकेमा मात्र रु एक करोडभन्दा बढीका ताजिया राखिएको राहीको अनुमान छ।

गाउँगाउँमा ताजिया खेलेर मोहर्रम मनाइँदै

मुस्लिम समुदायले आज महोत्तरीसहित तराई-मधेसका जिल्लाका गाउँगाउँमा ताजिया (घरेलु हात हतियारसहित गरिने नाचगान) खेलेर मोहर्रम पर्व मनाइरहेका छन् ।रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

# देखेको हैदराबाद, भोगेको नेपाल

टिकाराम सुनार

भारतको दक्षिण-मध्यभागमा अवस्थित तेलङ्गना राज्य सन् २०१४ जुन २ मा जन्मिएको हो । त्यहाँका २९ मध्ये कान्छो यस प्रदेशले स्थापनाको छोटो समयमै हासिल गरेको विकास र त्यसको गति धेरैका लागि प्रेरणाको विषय बनेको छ । यसको स्थापना पाँच दशक लामो सङ्घर्षपछि भएको थियो, तर एक दशकमै त्यो सङ्घर्षको अभिष्ट पूरा गर्न देखाएको तदारुकता हाल भारतभित्रै उदाहरणीय बनेको छ ।

यहाँको समावेशी विकास, प्रविधि र नवप्रवर्तन, सांस्कृतिक सहिष्णुता र राजनीतिक स्थायित्वबारे धेरै नेपालीले सुनेका छन् । नेपालका केही सञ्चारकर्मीले भने हालै (१५-२८ जुन) दुई साता लामो पत्रकारिता तथा जनसम्पर्कसम्बन्धी तालिमका क्रममा त्यसलाई नजिकबाट देखेर फर्किएका छन् । त्यसमा पङ्तिकार पनि सहभागी थियो । दक्षिण अमेरिकी, अफ्रिकी र एसियन गरी विभिन्न १५ देशका प्रतिनिधिले त्यहाँको सङ्घीयता यात्राबारे बुझ्ने अवसर पाएका थिए ।

### देखेको हैदराबादः सङ्घर्ष र सफलता

जानकारहरूका अनुसार तेलगु भाषी बाहुल्य यो क्षेत्र तत्कालीन निजाम शासक (मुस्लिम शासन) ले स्थापना गरेको हैदराबाद राज्यको हिस्सा थियो । भारत स्वतन्त्र भएपछि पनि यो क्षेत्र सन् १९४८ देखि हैदराबाद राज्यकै रूपमा अस्तित्वमा रह्यो । पछि सन् १९५६ मा आन्ध्र प्रदेशमा समाहित गरियो, तर यहाँका जनताले आफ्नो आत्मसम्मान, विकास र पहिचान संरक्षणको महसुस गरेनन् । त्यसैले सामाजिक न्याय, क्षेत्रीय समानता र स्थानीय अधिकारका लागि छुट्टै प्रदेशको माग गर्दै सन् १९६९ देखि 'जय तेलङ्गना आन्दोलन' सुरु भयो । विभिन्न चरणका आन्दोलन, सम्झौता र आन्दोलन हुँदै अन्ततः छुट्टै राज्य बन्यो । यही प्रदेशको राजधानी हो, हैदराबाद ।

सन् १५९१ मा मुहम्मद कुली कुतुब शाहले स्थापना गरेको भनिएको यो सहर, इतिहास र भविष्यको सङ्गमजस्तै लाग्छ-जहाँ एकातर्फ चारमिनार, गोलकौँडा किल्ला, उर्दू संस्कृति र सभ्यताले परम्पराको झल्को दिन्छ । अर्कातर्फ, हाइ-टेक सिटी, साइबराबाद, नलेज सिटी र स्टार्टअप हबले आधुनिक समयको गति बोक्छ ।

यसबारे पङ्तिकारलाई पनि लागेको छ- त्यहाँ इतिहासको जगेर्ना र भविष्यको निर्माण सँगसँगै भइरहेको छ । त्यहाँका जनता र राजनीतिक दलले अधिकारपछि दायित्व र जिम्मेवारी पनि बहन गर्नुपर्छ भन्ने सन्देश दिएका छन् ।

राजधानी सहर हैदराबादले १० वर्षसम्म (सन् २०२४ सम्म) आन्ध्र प्रदेशसँग साझा राजधानी बाँड्यो । यसले त्यहाँको सहिष्णुता र समन्वयको व्यावहारिक सन्देश सम्प्रेषण गरेको छ । यही समन्वयकारी भूमिकाले उक्त क्षेत्रलाई देशकै बलियो आर्थिक मेरुदण्डका रूपमा स्थापित गरेको छ । जसले भारतको दक्षिण मध्यभागबाट सूचना प्रविधि, अनुसन्धान, शिक्षा, स्वास्थ्य र स्टार्टअप क्षेत्रमा महत्वपूर्ण सन्देश प्रवाह गरिरहेको छ । गुगल, माइक्रोसफ्ट, फेसबुक र अमेजोनलगायत विश्वकै ठूला बहुर्राष्ट्रिय कम्पनीहरूले यही क्षेत्र रोजेका छन्, जसले हैदराबादलाई भारतको अग्रणी प्रविधि सहर बनाउन सघाएको छ ।

तालिमको समापन समारोहमा तेलङ्गना राज्य प्रमुख जिस्नुदेव वर्मा विकासमा गतिमात्रै होइन, यस सहरले उत्तर र दक्षिण भारतलाई सांस्कृतिक रूपमा पनि जोड्ने काम गरेको उदाहरण प्रस्तुत गर्दै हुनुहुन्थ्यो । उहाँ भन्दै हुनुहुन्थ्यो, "यहाँको सांस्कृतिक सहिष्णुता, भाषा र खानपानको विविधता भारतीय एकताको उदाहरण हो । तेलङ्गना आन्दोलनको ऐतिहासिक भूमि भए पनि यसले सहिष्णुता, समावेशी विकास, स्थायित्व र दूरदर्शिता देखाएको छ । विविध भाषा, धर्म, संस्कृति र पहिचानका हिसाबले यो क्षेत्र 'मिनी भारत' हो, तर यहाँ सबै स्वतन्त्र, सबै खुसी र सबै सहिष्णु छन् ।"

पङ्तिकारसँगको कुराकानीमा त्यहाँको 'सेन्टर फर हुमन सेकुरिटी स्टडिज'का संस्थापक डा रमेश कन्नेगान्टी 'हैदराबाद केवल तेलङ्गनाको राजधानी मात्र होइन, भारतको आत्मविश्वास, सम्भावना र समावेशी सोचको प्रतीक हो' भन्दै हुनुहुन्थ्यो ।

तालिमकै महत्त्वपूर्ण पाटो रहेको अध्ययन भ्रमणका क्रममा त्यहाँका गोलकान्डा, चारमिनार, मक्का मस्जिद, सलारगञ्ज म्युजियम, वाराङ्गल, हुसेन सागर र लुम्बिनी पार्क, पचम्पल्लीलगायत सांस्कृतिक क्षेत्र र टि-हब, बिर्ला प्लानेटोरियम तथा विज्ञान सङ्ग्रहालय, तेलङ्गना एकीकृत प्रहरी कमाण्ड एण्ड कन्ट्रोल सेन्टर, ट्राइबल वेलफेयर म्युजियम, इण्डियन विजनेस स्कुल हेर्दा लाग्यो-हैदराबाद, एउटा सहरमा दुईवटा समय छन् । एउटा समय, जहाँ गोलकान्डा, चारमिनार र ऐतिहासिक सभ्यताका प्रतीकहरूले त्यहाँको इतिहास बोलिरहेका छन् । अर्को समय, जहाँ स्टार्टअप, साइबर सिटी र साइबर हबलगायत सूचना प्रविधिले विश्वग्राममा नयाँ भविष्य बोकिरहेका छन् ।

यो सहर सूचना प्रविधिका हिसाबले भारतको दोस्रो ठूलो आइटी निर्यातकर्ता सहर हो । 'दी टाइम्स अफ इन्डिया'को अनलाइन संस्करणमा सन् २०२४ जुन १२ मा प्रकाशित एक समाचारअनुसार हैदराबाद एसियाका शीर्ष २० स्टार्टअप हबमध्ये एक हो । सन् २०१४ मा यहाँ करिब २०० स्टार्टअप रहेकामा सन् २०२४ मा यो स᳚ख्या सात हजार ५०० भन्दाबढी पुगिसकेको छ । यसले स्टार्टअप विकास, लगानी आकर्षण, प्रतिभा सञ्चय, बजार पहुँच र ज्ञानका क्षेत्रमा सन्तुलित र तीव्र वृद्धि देखाएको छ ।

सोही अनलाइनमा ८ जुन २०२५ मा प्रकाशित सामग्रीअनुसार यहाँ भारत सरकारअन्तर्गतको निकाय एसटिपीआइमा दर्ता भएका आइटी कम्पनीले सन् २०२४-२५ मा एक खर्ब ४२ अर्ब भारतीय रूपैयाँ बराबरको सफ्टवेयर बिक्री गरेका छन् ।

यहाँका प्रमुख हाइटेक सिटी र जिनोमी भ्यालीजस्ता प्रमुख प्रविधि केन्द्रमा मात्रै पाँच लाखभन्दा बढीले काम गरिरहेका छन् । यो सहरलाई विश्वका शीर्ष १० आउटसोर्सिङ गन्तव्यहरूमध्ये एक मानिन्छ । भारतीय समाचार समिति पिटिआइले लेखेअनुसार विश्वका दश गन्तव्यमा हैदराबाद धेरैअघि दोस्रोमा रहेको छ ।

दी न्यू इण्डियन एक्सप्रेस (१८ फेब्रुअरी २०२५) मा छापिएको एउटा समाचारअनुसार गएको १० वर्षमा यस राज्यको कूल गार्हस्थ उत्पादन (जिडिपी) मा १९६ दशमलव नौ प्रतिशतले वृद्धि भएको छ । जबकी समग्र भारतको जिडिपी १३६ दशमलव ८९ प्रतिशतले वृद्धि भएको छ । तेलङ्गनाको अर्थतन्त्र सन् २०२३-२४ मा करिब १८० अर्ब अमेरिकी डलर छ, जुन पछिल्लो पाँच वर्षमा वार्षिक औसत ११ दशमलव चार प्रतिशतको वृद्धिदर हो । यसमा हैदराबादले मात्रै करिब ५० प्रतिशत योगदान गर्ने गरेको कतिपयले भन्ने गरेका छन् ।

एमसीआर मानवस्रोत विकास संस्था, तेलङ्गनाका कानुन तथा सार्वजनिक प्रशासन केन्द्र प्रमुख डा माधवी राभुलापति विगतको सभ्यताको जगमा वर्तमान हैदराबाद निर्माणमा यहाँका विविध धर्मावलम्बी, आमनागरिक, राजनीतिकर्मीलगायत सबैको इमानदार योगदान रहेको बताउनुहुन्छ । "भारत सङ्घीय गणराज्य भएको देश हो । विविध भाषाभाषी, संस्कार, संस्कृति, भौगोलिक विविधता भए पनि देशप्रतिको साझा समर्पणका कारण 'ग्रेट इण्डिया' बन्न सफल भइरहेको छ । यस्तै विविधता हैदराबादमा पनि छ, तर विविधतामा एकता, नवनिर्माणको हुँटहुटी, नवीन सोचका कारण भारतभित्र हैदराबाद आफ्नो छुट्टै पहिचान बनाइरहेको छ", उहाँले भन्नुभयो ।

### भोगेको नेपाल

नेपाल पनि लामो सङ्घर्षपश्चात् सङ्घीय प्रणालीमा गएको हो । ऐतिहासिक संविधानसभाबाट संविधान बनेको १० वर्ष र त्यही आधारमा सङ्घीय व्यवस्था कार्यान्वयनको आठ वर्ष भएको छ, तर देशले अझै स्थायित्व र विकासको स्पष्ट 'लय' समात्न नसकेको आमगुनासो छ । तालिममा सहभागी 'जेनजी' पुस्ताका प्रतिनिधि किरण पौडेललाई पनि यस्तै लागेको रहेछ । हत्केलाको मोबाइलबाट संसार हेरेपछि उहाँ भन्नुहुन्छ, "हाम्रो विकासको गति किन यति धिमा ?"

यो प्रश्न पौडेलको मात्रै होइन, आमनेपालीको हो । दुई हप्ता हैदराबादमा बसेर आफ्नो देश फर्किएपछि सायद उहाँले आंशिक भए पनि उत्तर भेटाउनुभएको छ । पौडेल सुनाउनुहुन्छ, "भारतको कान्छो प्रदेश हेर्दा हामी अझै विकासको मोडल र नीतिमै अस्पष्ट छौँ कि ! हाम्रो विकास मोडल आधुनिक सङ्घीय नेपाल सुहाउँदो छैन कि भन्ने लाग्यो । त्यसैले आधुनिकीकरणलाई समावेशी, दिगो विकासलाई सन्तुलित बनाउने विषय हैदराबादबाट सिक्न सकिन्छ ।"

हैदराबाद र नेपालका धेरै कुरा मिल्दाजुल्दा छन् । यहाँ सङ्घीयताका लागि सङ्घर्ष र ठूलो बलिदानी गर्नुपरेको छ । त्यहाँ पनि पाँच दशक लामो आन्दोलनपछि छुट्टै प्रदेश सम्भव भएको हो । हैदराबादमा विगतमा निश्चित वंशपरम्पराको शासन थियो, नेपाल जस्तै ।

त्यहाँ पनि छुट्टै प्रदेशको अभ्यास र अपनत्व महसुस भएको १० वर्ष मात्रै भयो, यहाँ पनि त्यसकै हाराहारी । फरक यत्ति हो, हैदराबादमा राजनीतिक स्थायित्व छ । त्यहाँ १० वर्षमा मात्र दुई मुख्यमन्त्री (कार्यकाल तीन) भए । नेपालमा भने पटकपटक सत्ता परिवर्तन भएका छन् । त्यसो हुँदा नीतिगत र योजनाले निरन्तरता पाउन सकेको छैन । त्यहाँ नयाँ प्रदेश खोज्नुको जवाफ कामबाट दिइएको छ, यहाँ नयाँ व्यवस्थाअनुसार व्यवहार प्रदर्शन हुन नसकेको आरोप छ । "हो, त्यहाँ प्रदेश नयाँ थियो र सोच पनि नयाँ । त्यसैले छोटो समयमै विकासको गति समाते । हामीकहाँ व्यवस्था नयाँ, तर सोच पुरानो । हामी गन्तव्य ठीक भएर पनि बाटोमै अल्मिलिरहेका छौँ", पौडेलले भन्नुभयो ।

सञ्चारकर्मी राज ढुङ्गाना भन्नुहुन्छ, "उनीहरूको लक्ष्य भूगोल मात्रै थिएन, विकासको लक्ष्य पछ्याउने र विशाल भारतमा आफ्नो छुट्टै पहिचान स्थापित गर्ने रहेछ । केन्द्र सरकारले प्रदेश सरकारको कदममा कदम मिलाएको छ, तर हामी कहाँ ? सङ्घीयता माग्ने प्रदेशले नै आफू छुट्टै हुनुको अर्थ प्रमाणित गर्ने प्रयाससमेत गरेका छैनन् । त्यसैले असन्तुष्टि, गुनासा र फरकफरक स्वार्थको द्वन्द्व देखिरहेका छन् ।"


उहाँको बुझाइमा हामीसँग बलियो अर्थतन्त्र नभए पनि भएकै स्रोत पनि कहाँ, कसरी र किन खर्चिने भन्ने स्पष्ट सोच छैन । "विकास त केवल फल हो, त्यसको जग त सोच हो नी ! हामीकहाँ सङ्घीयतालाई सत्ता बाँडफाँटको खेलजस्तो मात्रै बनाइयो", ढुङ्गानाले अगाडि भन्नुभयो, "विकास भाषणमा होइन, व्यवहारमा देखिनुपर्छ, तर सोचेअनुसार त्यसो भइरहेको छैन ।"

हैदराबाद देखेर आएका सञ्चारकर्मी सुरोजङ्ग पाण्डे पनि सही सोच र योजना भएमात्रै गन्तव्यमा पुगिने धारणा राख्नुहुन्छ । "छुट्टै प्रदेश माग्नुको कारण प्रमाणित गर्ने दबाबमा थियो हैदराबाद, त्यस्तै दबाब नेपालमा पनि छ । त्यहाँ एउटा प्रदेशको कुरा थियो, यहाँ देशकै । त्यहाँ अधिकार माग्ने र त्यो पाएपछि सफल उदाहरण पेस गर्नसक्ने, तर हामीले किन नसक्ने ?", प्रश्न गर्दै उहाँ भन्नुहुन्छ, "हैदराबाद हेरेर धेरैका आँखा खुल्छन् । राजनीतिक स्थिरता, दूरदर्शी नेतृत्व, स्पष्ट लक्ष्य, साझा जिम्मेवारी मुख्य कुरा रहेछ ।"

सङ्घीयता कार्यान्वयनमा आएपछि नेपालमा पनि सरकारले देशका विभिन्न ठाउँमा १० वटा नमुना आधुनिक सहर बनाउने घोषणा गरेको छ । राजधानी काठमाडौँलगायत पुराना सहरले ट्राफिक व्यवस्थापन र खानेपानीको चुनौती सामना गरिरहेका छन् । पाण्डे यिनै क्षेत्रलाई हैदराबादजस्तै योजनाबद्ध विकास गर्न सक्नुपर्नेमा त्यसो हुननसकेको बताउनुहुन्छ ।

सञ्चारकर्मी सविका श्रेष्ठ भन्नुहुन्छ, "नेपालमा विकास नभएको होइन, भइरहेकै छ । देशमा बस्ती विकास र सहरी योजना कार्यान्वयन भइरहेकै छन्, तर परिणाम त हामीले देखिरहेका छौँ । सडकबाटो, सार्वजनिक यातायात, विकास पूर्वाधार, खानेपानी व्यवस्थापन अझै समस्याका रूपमा छन् । त्यसका लागि हैदराबादको 'स्मार्ट सिटी' योजना, प्रविधि हब र सार्वजनिक यातायात प्रणालीबाट नेपालले धेरै सिक्न सक्छ", उहाँ अगाडि भन्नुहुन्छ, "त्यहाँ सडक किनारको हरियाली, घरघरको बगैँचा र विद्युतीय शासनले सहरलाई व्यवस्थित र बस्नलायक बनाएको छ ।"

यसबारे त्यहाँको जिपी बिर्ला पुरातात्विक, खगोलशास्त्रीय तथा वैज्ञानिक अनुसन्धान संस्थाका निर्देशक डा के मृत्युञ्जय रेड्डीको भनाइ मननयोग्य छ । उहाँ आफ्नो संस्थाको भित्तामा भारत स्वतन्त्र भएलगत्तै नवनिर्माण सुरु हुँदै गर्दाका तस्बिर देखाउँदै भन्दै हुनुहुन्थ्यो, "एउटा मान्छेले आफ्नो साइकलको पछाडि नमुना परीक्षणका लागि बनाइएको सानो आकारको मिसाइल बोकिरहेको छ । अर्को तस्बिर एप्पल उपग्रह परीक्षणका लागि गोरुगाडामा राखेर परीक्षणस्थल लगिँदै गरेको छ । त्यसताका प्रसिद्ध न्युजविक पत्रिकाले यस कदमलाई 'शताब्दीकै टक्कर' भनेर महत्वका साथ प्रकाशित गरेको थियो । उसबेला भारतसँग धेरै पैसा थिएन, तर नवीन सोच थियो, जसले अन्तरिक्षमा सफल भू-उपग्रह प्रक्षेपण गर्ने बाटोमा डोऱ्यायो । भारत आज कहाँ छ, तपाईंहरू देखिरहनुभएको छ ।"




यिनै कुरा आज सङ्घीय नेपालले पनि खोजिरहेको छ । "सङ्घीयता सत्ता र शक्ति वितरणको उपाय मात्रै होइन, यो विकासको अवसर पनि हो । हामीले पनि यसलाई समयमै बुझ्न सक्नुपर्छ र व्यवहारमा उतार्न लाग्नुपर्छ", सञ्चारकर्मी ममता थापाको भनाइ छ ।

हो, सङ्घीयता केवल शक्ति विकेन्द्रीकरण मात्रै नभई नागरिक हित प्रवर्द्धन, उपलब्ध स्रोत र साधनको समुचित परिचालनको आधार पनि हो । पौडेल, ढुङ्गाना, श्रेष्ठ र थापा मात्रै होइन, त्यहाँ गएका नेपालका २२ जना प्रतिनिधिको साझा चिन्ता थियो, "नेपालले कागजमा सङ्घीयता अनुशरण गरे पनि सरकार, पार्टीका संस्कार, आचरण र अभ्यास त्यस अनुकूल छैनन् । यस्तो अवस्था कायम रहँदासम्म व्यवस्था जतिसुकै उत्कृष्ट भए पनि त्यसको सफल कार्यान्वयन हुन सक्दैन ।"रासस

## सम्पादकीय

# विश्वविद्यालयलाई सहयोग गर

राजर्षि जनक विश्वविद्यालय लामो प्रयासपछि जनकपुरधाममा स्थापित भएको छ । त्यो पनि स्थापना भएको झण्डै ६ वर्षसम्म कुनै काम गर्न सकेन । विश्वविद्यालयमा नियुक्त भएका तत्कालीन पदाधिकारीहरु कामै नगरी तलब मात्र बुझेर फर्के भन्दा अनुचित होला । तर अपेक्षाकृत काम भने उनीहरुबाट भएन । त्यसको मुख्य कारण विश्वविद्यालयका भीसी लगायतका अधिकांश पदाधिकारी र कर्मचारीहरु एउटै पार्टीका एकै जना नेताले मन पराएकाहरु मात्र थिए । विश्वविद्यालयमा डा.अमर यादव भीसी भएदेखि कायापलट भएको छ । क्याम्पस सञ्चालन भएको छ । सम्बन्धन दिएको छ । लायन्स क्लवको अधिनमा रहेको गुठी संस्थानको जग्गा बहालमा लिएर विश्वविद्यालयको केन्द्रीय कार्यालय सञ्चालन गरिएको छ । क्याम्पस पनि हाल बहालमा व्यवस्थित रुपमा सञ्चालन भइरहेको छ । विभिन्न विद्यामा उच्चशिक्षा हासिल गर्ने सहज र सुलभ भएको छ । विश्वविद्यालयले गति लिन थालेको छ । विश्वविद्यालयको केन्द्रिय कार्यालय लगायतका भवन निर्माण गर्न बजेट छ । तर जग्गा विवादले भवन निर्माण भइरहेको छैन । विश्वविद्यालय स्थापनाको प्रयास भएदेखि नै केन्द्रीय कार्यालय मुजेलिया स्थित सडक विभाग र प्रशिक्षण केन्द्रको सम्पूर्ण जग्गामा राख्ने निर्णय भएको थियो । विश्वविद्यालय नेपाल सरकारको लगानीमा स्थापना भएकोले भौतिक पूर्वाधार समान्य प्रशासन मन्त्रालयसित समन्वयगरि जग्गा उपलब्ध गराउन आवश्यक छ । हुन त प्रशिक्षण केन्द्र मधेश प्रदेश सरकार मातहत रहेकोले सो जग्गा सम्बन्धी निर्णय प्रदेश सरकारबाट नै हुन सक्छ । विश्वविद्यालयको अन्य संकायहरु नगराईन नगरपालिका, धनुषाधाम नगरपालिका, क्षीरेश्वरनाथ नगरपालिका लगायतका स्थानमा राख्ने स्थापनाको प्रयास हुँदाकै बखत प्रस्ताव गरिएको थियो । केन्द्रीय कार्यालय मुजेलियामा राख्ने निश्चित गरी विश्वविद्यालय स्थापना सहयोग कार्यालय त्यहाँ नै सञ्चालन गरिएको थियो । तर अहिले नेपाली कांग्रेस, नेकपा एमालेका नेताहरुले आ-आफ्नो स्वार्थलाई प्राथमिकतामा राखेर विश्वविद्यालयको केन्द्रीय कार्यालय स्थापनाको जग्गाका लागि विवाद गरिरहेका छन् । नेताहरुबीचको विवादले विश्वविद्यालयसित बजेट भएपनि केन्द्रीय कार्यालय स्थापना हुन सकिरहेको छैन । विश्वविद्यालयलाई विवादमा राख्न हुँदैन । सबै नेताहरुले साझा विन्दू पहिल्याउनु पर्छ । व्यक्तिगत अथवा दलगत स्वार्थलाई थाँती राखेर विश्वविद्यालयको केन्द्रीय कार्यालय उपयुक्त स्थानमा स्थापना गर्न सबै नेता मिल्नु पर्छ । विश्वविद्यालयलाई विवादमा नराखी सक्दो चाँडो केन्द्रिय कार्यालय स्थापनाको प्रकृयालाई अगाडि बढाउनु पर्छ । विश्वविद्यालयका उपकुलपति डा. यादव अत्यन्त मिहिनेती र सकारात्मक सोच भएको व्यक्तित्व रहेकाले धेरै काम गर्न सकिन्छ । विश्वविद्यालयको केन्द्रीय कार्यालय रहने स्थान नै एउटा सहर बन्न सक्छ । सबैको सकारात्मक सहयोग भए राजर्षी जनक विश्वविद्यालय निकट भविष्यमै शिक्षा क्षेत्रमा विशिष्ट पहिचान बनाउन सक्छ । विश्वविद्यालयमा विवाद नगरौं । सबै मिलेर सहयोग गरौं ।

# चालू पुँजी कर्जा सम्बन्धी मार्गदर्शन, २०७९ (एक आलोचनात्मक बिश्लेष्ण)



कुमार यादव

नेपाल राष्ट्र बैंकले चालू पुँजी कर्जा सम्बन्धी मार्गदर्शन, २०७९ प्रथम पटक २०७९/०५/०७ मा इजाजतपत्रप्राप्त "क", "ख" र "ग" बर्गका बैंक तथा वित्तिय संस्थाहरु तथा पुर्वाधार बिकास बैंक लाई लागुहुने गरी प्रकाशित गर्यो । मिती २०७९/०९/२० मा यस मार्गदर्शनमा भएका केही प्रावधानहरुलाई संशोधन गरी चालू पुँजी कर्जा सम्बन्धी मार्गदर्शन, २०७९ (प्रथम संशोधन सहित) प्रकाशित गर्यो । यसको अभिप्राय इजाजतपत्रप्राप्त बैंक तथा वित्तिय संस्थाबाट प्रदानहुने चालू पुँजी प्रकृतिका कर्जाको औचित्य, प्रभावकारिता तथा सदुपयोगिता सुनिश्चित गर्नलाई भनेर भनियो ।

बैंक तथा वित्तिय संस्थाले सामान्यतया ब्यवसायको स्थिर सम्पत्ति (त्यस्ता सम्पती जुन ब्यवसायमा दिर्घकालिन प्रयोगका लागी हुन्छन तथा त्यसलाई नै बेचेर नाफा आर्जन गर्ने प्राथमिक सोंच हुँदैन जस्तैकि ब्यवसाय अवस्थित भएको तथा ब्यवसायको स्वामित्वमा रहेको घर-जग्गा, उत्पादन गर्ने राखिएका मेसिनहरु, सामान राख्न तथा अफिसमा प्रयोगहुने फर्निचरहरु आदी ) वा चालु सम्पत्ती (जस्तै कि उत्पाद/मालसामानको मौज्दात, औद्योगिक कच्चा-पदार्थ, बजारमा रहेको उधारो लगानी आदी) मा ऋण लगानी गर्दछन् ।

समग्र बैंकिङ प्रणालीबाट कुल रु १ करोड भन्दा बढीको चालु पुँजी कर्जा उपयोग गर्ने वा गर्न खोज्ने ऋणीहरुको चालु पुँजी कर्जाको स्विकृति तथा सिमा निर्धारण, अनुगमन, नविकरण एवम अन्य सम्बन्धित पाटाहरुमा यस मार्गदर्शनको अनुपालना गर्नु पर्ने भनिएको छ । यस मार्गदर्शनमा भएका केही प्रावधानहरु प्रष्ट नहुंदा अझ भनौं आम ऋणी तथा बैंकहरुका शाखा स्तरका कर्मचारी एवम कर्जा स्विकृत गर्ने अधिकृतहरुले प्रष्ट अर्थ्याऊन मिल्नेखाले नभएको हुंदा सरोकारबालाहरु बिच असमझदारी, अन्यौलता तथा नियामकिय प्रावधान मिचिन गएमा आऊन सक्ने खतराको भय पनी छ । आऊनुस केही त्यस्ता अस्पष्ट प्रावधानहरु बारे छलफल गरौं ताकि भविष्यमा सम्बन्धित निकायले यसलाई प्रष्ट्यांऊदै लगोरुः

१) प्रावधानः बैंक तथा बित्तिय संस्थाले चालू पुँजी कर्जाको सीमा स्विकृत गर्नु अघि फर्म/ संस्था / कम्पनीको चालू सम्पतीको परिक्षण तथा मूल्याङ्कन गरी कर्जा सिमा र ड्रविङ पावरको यथार्थपरक बिश्लेशण गर्नुपर्दछ । यस्तो बिश्लेषणबाट प्राप्त ड्रविङ पावरको आधारमा कर्जा प्रवाहको सिमा निर्धारण गर्नु पर्दछ ।

अस्पष्टताः ऋण लिनु अघि संस्थाको स्वःपुँजी मात्रै ब्यवसायमा लगानि भएको हुन्छ । ब्यवसाय बिस्तारको लागी ऋण माग्न जांदा प्रक्षेपित ऋण संग प्रक्षेपित चालु सम्पतीको तुल्ना मात्र तर्क संगत हुन्छ । नयाँ ऋण तथा थप ऋणको खण्डमा ऋण लिनु तथा थपहुनु अगाडीकै लगानी परिक्षण तथा मूल्याङ्कन गरी यस्तो बिश्लेषणबाट प्राप्त ड्रविङ पावरको आधारमा कर्जा प्रवाहको सिमा निर्धारण गर्दा राष्ट्र बैंककै एकिकृत निर्देशन अनुसार कर्जा स्वःपुँजी अनुपात ८०:२० सम्म हुंदा ऋणलाई सुक्ष्म निगराणीमा राख्नु नपर्ने प्रावधानकै प्रतिकुल हुन जान्छ । यहां निर कर्जा प्रवाहको सिमा, कर्जा स्विकृतीको सिमा, नविकरणको बेला, नयाँ ऋण तथा थप ऋणको खण्डमा प्रष्टता ल्याऊन जरुरी देखिन्छ ।

२) प्रावधानः एउटा बैंक वा वित्तिय संस्थाले कर्जा प्रवाह वा नविकरण गर्दा धितोको रुपमा स्विकार गरेको मालसामान वा आसामीको चालू सम्पत्तिलाई अन्य बैंक तथा वित्तिय संस्थाले धितोको रुपमा स्विकार गर्न पाईने छैन । तर, सहवित्तियकरण कर्जा वा पारीपासु सम्झौता भएको हकमा बैंक तथा वित्तिय संस्थाले संयुक्त्त धितोको रुपमा स्विकार गर्न सक्नेछन् ।

अस्पष्टताः यसै मार्गदर्शन अनुसार पारीपासु गर्नु पर्ने ऋण सिमा तलका ऋणीहरु जहां नो अब्जेक्सन लेटर मात्रै लिएर पनी ऋण प्रवाह गर्न सकिने भनिएको छ । तिनीहरुको बारे नखुलाएको ।

३) प्रावधानः लेखापरीक्षण भएको वित्तिय विवरण र कर चुक्ता विवरण एक आपसमा मेल खाए नखाएको यकिन गरी कर्जा फाईलमा अद्यावधिक गर्नुपर्दछ ।

अस्पष्टताः राष्ट्र बैंककै एकिकृत निर्देशन अनुसार रु २ करोड सम्मको कृषि, पर्यटन एवम् साना तथा मझौला उद्योग/ पेशा / ब्यवसायका लागी कर दाखिला कागजातको आधारमा मात्रै पनी कर्जा प्रदान / नविकरण गर्न सकिनेछ ।

४) प्रावधानः स्थाई चालु पुँजी आवश्यक्ताको लागी प्रदान गरिएको आवधिक कर्जाको सिमा समेत भेरिएन्स एनालायसिस लाई आधार मानी पुनरावलोकन गर्नु पर्दछ । विगत तिन बर्षको लेखापरिक्षण भएको वार्षिक कारोवार रकम अनुमानित रकम भन्दा औसतमा २५% भन्दा बढीले कम भएको पाईएमा उपबुँदा ७.६ बमोजिम आवधिक कर्जाको सिमा समेत पुनरावलोकन गर्नु पर्दछ । आवधिक कर्जाको सिमा घटन जाने भएमा ऋणीलाई एक बर्षको समय दिई बढी प्रवाह भएको कर्जा चुक्ता गर्न लगाऊनु पर्दछ ।

अस्पष्टताः आवधिक कर्जा प्रदान गरेको शुरुकै बर्षदेखी पुनरावलोकन गर्ने कि तिन बर्ष पशचात नखुलाएको । आवधिक चालु पुंजी ऋण मात्रै लिएको ऋणीको हकमा पुनरावलोकनको अनिवार्यता बारे अन्यौलता ।

५) प्रावधानः ऋणीले निर्धारित शर्तअनुसार कच्चापदार्थको भुक्तानी नदिएको पाईएमा बैंक तथा वित्तिय संस्थाले त्यस्तो भुक्तानी हुन बाँकी कच्चा पदार्थलाई चालु सम्पतीको रुपमा गणना गर्न पाईने छैन ।

अस्पष्टताः कच्चा पदार्थ परिभाषित नगरेको । चालु सम्पतीको कुल तथा खुद अवधारणा बिच प्रष्ट नपारेको ।

६) प्रावधानः चालु पुँजी कर्जाको प्रकार अन्तरगत स्थिर प्रकृतिको चालु पुँजी आवश्यक्ताको लागी चालु पुँजी प्रायोजनको आवधिक कर्जा र घट-बढ हुनसक्ने चालु पुँजी आवश्यक्ताको लागी क्यास क्रेडिट कर्जा, अल्पकालिन अवधीको कर्जा एवम आयात निर्यात सँग समबन्धित कर्जा मा बर्गिकरण गरिएको छ ।

अस्पष्टताः घट-बढ हुनसक्ने चालु पुँजी आवश्यक्ताको लागी क्यास क्रेडिट कर्जा, अल्पकालिन अवधीको कर्जा एवम आयात निर्यात सँग समबन्धित कर्जा मध्ये क्यास क्रेडिट कर्जा बाहेक अन्य कर्जाहरु नविकरणका लागी योग्य हुने छैन भनेर भनिएको छ । यस्ता कर्जाको हरेक डिल नविकरण नभई सेटलनै गर्नु पर्ने हो भन्ने त प्रष्ट छ तर यस्ता कर्जाको सिमा नविकरण हुने हो वा होईन भनेर प्रष्ट छैन । साथै, घट-बढ हुनसक्ने चालु पुँजी आवश्यक्ताको लागी दिईने कर्जाको सिमा निर्धारण गर्दा कारोबार / बिक्री को तोकिएको प्रतिशत भनिएको तथा यस्ता कर्जा सिमा नविकरण योग्य हुने भनिएकोमा यो क्यास क्रेडिट कर्जाको लागी मात्रै लागु हुने हो वा अल्पकालिन अवधीको कर्जा एवम आयात निर्यात सँग समबन्धित कर्जा सिमा निर्धारणमा पनी लागु हुने हो भने प्रष्टता छैन ।

*(बिचार लेखकका निजी बिश्लेष्णमा आधारित छ । लेखक तथा प्रकाशकले यसको सटिकताको दावी गर्दैनन् ।)*

# कर्णाली करिडोरलाई व्यापारिक मार्गका रुपमा अघि बढाइने: प्रधानमन्त्री ओली



हुम्ला । प्रधानमन्त्री केपी शर्मा ओलीले कर्णाली करिडोरलाई चीन र भारतसँगको व्यापारिक मार्गका रुपमा अघि बढाइने बताउनुभएको छ। उहाँले कर्णाली करिडोर कर्णाली र हुम्लावासीको मात्र नभई दुई छिमेकी देशसँगको व्यापाररिक मार्ग भएकाले यसलाई तत्काल दुई लेनको बनाइनुका साथै कालोपत्र गर्दैलैजाने बताउनुभयो।

प्रधानमन्त्री ओलीले खार्पुनाथ गाउँपालिका-५ चुवाखोलामा आज एक समारोहबीच बेलिब्रिजको उद्घाटन गर्दै कर्णाली करिडोरअन्तर्गत पर्ने चुवाखोलामा छिट्टै पक्की पुल निर्माण गरिने बताउनुभयो । उहाँले हुम्ला सदरमुकाम सिमकोट औपचारिक रुपमा राष्ट्रिय सडक सञ्जालसँग जोडिएकामा खुशी व्यक्त गर्नुभयो।

हुम्लालाई राष्ट्रिय सडक सञ्जालसँग तथा त्रिदेशीय सीमासँग जोड्न बेलिब्रिज निर्माण गरिएको उल्लेख गर्दै प्रधानमन्त्री ओलीले यहाँ निर्माणाधिन पक्कीपुललाई निरन्तरता दिएर हुम्लालाई मात्र नभएर देशलाई समृद्धिको बाटोतर्फ डोर्याउने प्रतिबद्धता व्यक्त गर्नुभयो । अप्ठयारो ठाउँमा ढलान गरेर भए पनि सडक स्तरोन्नति गर्दैलैजाने उहाँको भनाइ थियो।

प्रधानमन्त्री ओलीले छिमेकी मुलुक चीनसँग जोडिएको हिल्सा नाकामा क्वारेन्टाइन निर्माण गरिने प्रतिवद्धता जनाउनुभयो । उहाँले यहाँ व्यापार व्यवसायको ठूलो सम्भावना भएको उल्लेख गर्दै छिमेकी मुलुकसँग व्यापार व्यवसाय गर्न पनि क्वारेन्टाइन तत्काल स्थापना गर्न आवश्यक भएको बताउनुभयो।

हुम्लालाई सडक सञ्जालसँग जोड्न नेपाली सेनाले गत वर्ष चैत १० गतेदेखि चुवाखोलामा बेलिब्रिज जडान गर्न सुरु गरेको थियो। उक्त बेलिब्रिजको उद्घाटन गर्न प्रधानमन्त्री ओली नेपाली सेनाको हेलिकप्टरमा आज काठमाडौँबाट सुर्खेत हुँदै खार्पुनाथ पुग्नुभएको हो । उहाँ यहाँ आइपुग्नुहुँदा स्थानीयले बाँजागाँजासहित स्वागत गरेका थिए।

प्रधानमन्त्री ओलीका साथमा रक्षामन्त्री मानवीर राई, भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहाल, नेकपा (एमाले) का उपमहासिचव प्रदीप ज्ञवाली, कर्णाली प्रदेशका प्रदेश प्रमुख यज्ञराज जोशी, मुख्यमन्त्री यामलाल कँडेल, नेपाली सेनाका प्रधानसेनापति अशोकराज सिग्देल, पूर्वाधार मन्त्रालयका सचिव केशवकुमार शर्मालगायत हुम्ला पुग्नुभएको थियो। कर्णाली करिडोर निर्माण आरम्भ भएको २६ वर्षपछि हुम्ला सदरमुकाम सिमकोट औपचारिक रूपमा राष्ट्रिय सडक सञ्जालसँग जोडिएको छ।

सरकारले राष्ट्रिय गौरवको आयोजनाका रूपमा अघि बढाएको कर्णाली कोरिडोरअन्तर्गत खार्पुनाथ-५ चुवाखोलामा यही असार १० गते नै बेलिब्रिज निर्माण सम्पन्न गरिएको नेपाली सेनाले जनाएको छ । यसले कर्णालीलाई उत्तर र दक्षिण अन्तरदेशीय सडक सञ्जालसँग जोड्ने छ।रासस

# खराब कर्जा बढ्दा बैंक तथा वित्तीय संस्थामा समस्या: गभर्नर पौडेल

"अस्थिरताका बेला सबै क्षेत्र प्रभावित हुन्छन्, त्यसकारण सबैलाई सकेसम्म माथि लिएर जाने हो, धनीहरुको एउटा समूह र कृषक तथा साना उद्यमीको अर्को समूह सिर्जना गर्न हुँदैन भन्नेमा हामी चनाखो हुनुपर्ने छ, ऋणमा सबैको हक लाग्नुपर्छ, सबैको पहुँच हुनुपर्छ ।"



काठमाण्डु । नेपाल राष्ट्र बैंकका गभर्नर डा विश्वनाथ पौडेलले कृषि र साना तथा मझौला उद्यमजस्ता प्राथमिकता प्राप्त क्षेत्रमा खराब कर्जा बढ्दा बैंक तथा वित्तीय संस्थामा समस्या देखिएको बताउनुभएको छ।

ठूला उद्यमी तथा व्यवसायीलाई हेरेर मात्र मौद्रिक व्यवस्था ल्याइँदा यो समस्या समाधान नहुने उहाँको भनाइ छ। नेपाल आर्थिक पत्रकार समाज (सेजन) ले आइतबार आयोजना गरेको पूर्व-मौद्रिक नीति छलफल कार्यक्रममा गभर्नर पौडेलले कृषि र साना तथा मझौला उद्योगको समस्यालाई केन्द्रमा राखेर अरु सबै क्षेत्रलाई सँगसँगै लैजाने गरि आगामी आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीति ल्याउने तयारी भइरहेको बताउनुभयो।

"हामीले बढी कर्जा प्रवाह होस् भन्ने चाहना राखेका कृषि र साना तथा मझौला उद्यम क्षेत्रको खराब कर्जा बढेको छ, यो समस्यालाई कसरी समाधान गर्ने भन्नेमा हामी बढी केन्द्रित हुनुपर्ने छ", गभर्नर पौडेलले भन्नुभयो, "अस्थिरताका बेला सबै क्षेत्र प्रभावित हुन्छन्, त्यसकारण सबैलाई सकेसम्म माथि लिएर जाने हो, धनीहरुको एउटा समूह र कृषक तथा साना उद्यमीको अर्को समूह सिर्जना गर्न हुँदैन भन्नेमा हामी चनाखो हुनुपर्ने छ, ऋणमा सबैको हक लाग्नुपर्छ, सबैको पहुँच हुनुपर्छ।"

त्यस्तै मुलुकको समग्र अर्थतन्त्र र वित्तीय क्षेत्रमा देखिएको समस्या समाधान गर्ने विषय राष्ट्र बैंकको हातमा मात्र नरहेको उहाँको भनाइ छ । अहिलेको समस्या समाधानका लागि वित्त नीतिले नेतृत्व गरेर ऊर्जा, सडक, पुलजस्ता ठूला पूर्वाधार क्षेत्रमा लगानी विस्तार गर्न अतिआवश्यक भइसकेकामा उहाँको जोड थियो । वित्त नीति र मौद्रिक नीतिबीच समन्वय चाहिन्छ भन्नेमा आफू स्पष्ट रहेको उल्लेख गर्दै गभर्नर पौडेलले पछिल्लो समय मौद्रिक नीति बैंक तथा वित्तीय संस्थाका वासलातमाभन्दा पनि सूक्ष्म सूचक व्यवस्थापनमा केन्द्रित हुनुपर्ने अवस्था रहेको बताउनुभयो।

बैंक तथा वित्तीय संस्था परिसङ्घ नेपाल (सिबिफिन) का वरिष्ठ उपाध्यक्ष राजेश उपाध्यायले ब्याजदर कम हुँदा पनि कर्जा बढ्न नसक्नुको प्रमुख कारण बचतयोग्य आम्दानी घट्नु रहेको बताउनुभयो। "हाम्रो खर्च बढेको छ, तर आम्दानी बढ्न सकेको छैन, युवा पलायनले उपभोक्ता बजारमा उपभोग घटेको छ", उपाध्यायले भन्नुभयो।

चालुपुँजी कर्जा मार्गदर्शन आवश्यक रहे पनि सही समयमा नआएको उहाँको तर्क छ। त्यस्तै ऋण असुलीसम्बन्धी कानुनका व्यवस्था कडा रहेको र यसलाई केही खुकुलो बनाउन सक्नुपर्ने उहाँले बताउनुभयो। खराब कर्जा बढ्नु बैंकको मात्र समस्या नभई सामाजिक समस्याका रुपमा देखिएको धारणा उपाध्यायले राख्नुभयो।

"खराब कर्जाको सामाजिक पाटो पनि हेरेर यससम्बन्धी कानुनी व्यवस्थालाई खुकुलो बनाइनुपर्छ, सरकारले निर्माण व्यवसायीलाई गर्नुपर्ने भुक्तानी समयमा गर्न नसक्नु र सहकारी क्षेत्रमा देखिएको समस्याले पनि खराब कर्जाको आकार बढेको देखिन्छ", उहाँले भन्नुभयो। खराब कर्जाको समस्या समाधानका लागि सम्पत्ति व्यवस्थापन कम्पनीले केही भूमिका खेल्नसक्ने उपाध्यायको भनाइ छ । अधिक तरलताको विद्यमान अवस्थामा आगामी आवको मौद्रिक नीतिले तरलताको व्यवस्थापन कसरी गर्ने भनेर केन्द्रमा राख्नुपर्ने सुझाव उहाँको थियो।

कार्यक्रममा अर्थशास्त्री डा मेनुका कार्कीले वित्त नीतिमा समन्वय हुनेगरी मौद्रिक नीतिका व्यवस्था आउन नसकेको र अर्थतन्त्र सुधारका लागि मौद्रिक नीतिमा बढी निर्भर हुनुपर्ने अवस्था सिर्जना भएको बताउनुभयो । "विस्तारकारी मौद्रिक नीति आउँदा वित्त नीति पनि विस्तारकारी रुपमा आउन सक्नुपर्नुपर्ने हो, तर वित्त नीति सङ्कुचनकारी नै देखिन्छ", कार्कीले भन्नुभयो।

निजी क्षेत्रको कर्जा विस्तारलाई वित्त नीतिबाट नभई मौद्रिक नीतिमार्फत हेरिनुपर्ने धारणा उहाँको थियो । त्यस्तै, घरजग्गा धितोमा आधारित कर्जा विस्तार गर्नेभन्दा भने व्यवसायमा आधारित धितोमा कर्जा प्रवाहलाई बढावा दिनुपर्ने उहाँको सुझाव थियो । जग्गाको कित्ताकाँट रोकिँदा घरजग्गा क्षेत्रमा समस्या देखिएको र यसले पनि कर्जा विस्तार बढ्न नसकेको कार्कीको भनाइ छ।

पूर्वमुख्यसचिव डा वैकुण्ठ अर्यालले सरकारले सधैँ विस्तारकारी वित्त नीति ल्याएको भनेर दाबी गर्ने गरेको बताउनुभयो। यद्यपि नीतिगत स्थिरता हुन नसक्दा निजी क्षेत्र बढी समस्यामा पर्ने गरेको उहाँको भनाइ छ। "सरकारले सधैँ सुधारोन्मुख र विस्तारउन्मुख वित्त नीति ल्याएको भन्छ, जस्तो कि करको दरभन्दा दायरा बढाउने गरेको छ, उत्पादन उत्पादकत्व बढाउनका लागि वित्त नीतिले लिएको बाटोलाई मौद्रिक नीतिले समर्थन गर्नुपर्छ भन्ने हो, तर हामी कहाँ नीतिगत स्थिरता भएन", अर्यालले भन्नुभयो।


वित्त नीतिले लगानीको वातावरण सिर्जना गर्ने र सरकार आफैँ पनि खर्च गर्ने सबैभन्दा ठूलो निकाय पनि भएकाले सरकारको खर्च बढ्यो भने बजार चलायमान हुने र राजस्व पनि बढ्ने उहाँको भनाइ छ । आगामी आवको बजेट खुकुलो आएको उल्लेख गर्दै उहाँले मौद्रिक नीति त्यसलाई समर्थन गर्नेगरी आउनुपर्नेमा जोड दिनुभयो।कार्यक्रममा अर्थशास्त्री डा समीर खतिवडाले केन्द्रीय बैंकको मुख्य काम मूल्यवृद्धि नियन्त्रण रहेकाले कतिपय अवस्थामा वित्त नीतिसँग विरोधाभास देखिने गरेको बताउनुभयो । केन्द्रीय बैंकका काममा स्वायत्तता देखिनुपर्नेमा उहाँले जोड दिनुभयो।

त्यस्तै, राष्ट्र बैंकले मौद्रिक नीतिमार्फत ब्याजदर, मुद्रास्फीति र विदेशी विनिमय व्यवस्थापन तथा वित्त नीतिले अनौपचारिक अर्थतन्त्रलाई औपचारिक बढाउनतर्फ बढी केन्द्रित हुनुपर्ने उहाँको सुझाव छ। अहिले बैंक तथा वित्तीय संस्था र निजी क्षेत्रका व्यवसायको वासलातमा समस्या रहेका विषयलाई गम्भीरताका साथ लिइनुपर्ने खतिवडाको भनाइ छ।

त्यस्तै, नेपाल उद्योग वाणिज्य महासङ्घका पूर्वअध्यक्ष शेखर गोल्छाले आगामी आवको मौद्रिक नीतिमार्फत निजी क्षेत्रको मनोबल बढाउन आवश्यक रहेको बतानुभयो ।नेपाल बैंकर्स सङ्घका अध्यक्ष सन्तोष कोइरालाले अधिकार सम्पन्न र शक्तिशाली निकायका रुपमा सम्पत्ति व्यवस्थापन कम्पनी स्थापना गर्न अपरिहार्य रहेको बताउनुभयो । "अहिले बैंक आफैँ सम्पत्ति व्यवस्थापन गर्ने कम्पनीका रुपमा काम गरिरहेका छन्, बैंकले मात्रै समस्या समाधान गर्न नसकेको अवस्थामा हामीलाई शक्तिशाली निकायका रुपमा सम्पत्ति व्यवस्थापन कम्पनी चाहिएको हो", उहाँले भन्नुभयो।

सिबिफिनका अध्यक्ष उपेन्द्रप्रसाद पौडेलले बैंकिङ क्षेत्रमा समस्या हुनेबित्तिकै मुलुकको समग्र अर्थतन्त्रमा नै समस्या हुने भएकाले बैंक, निजी क्षेत्र, राष्ट्र बैंक र सरकारले संयुक्त प्रयासबाट अहिलेको समस्या समाधान गरिनुपर्ने बताउनुभयो।रासस

# उपप्रधानमन्त्री पौडेलद्वारा लुम्बिनी प्रादेशिक अस्पतालको निरीक्षण



लुम्बिनी। लुम्बिनी प्रादेशिक अस्पतालको निर्माणाधीन अत्याधुनिक भवनको आइतबार उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले निरीक्षण गर्नुभएको छ। उपप्रधान तथा अर्थमन्त्री पौडेलले भवन निर्माणस्थलको अवलोकनसँगै हालसम्म भएका प्रगतिविवरणबारे जानकारी लिनुभयो।

पूर्वाधार विकास प्राधिकरण लुम्बिनी प्रदेशका प्रमुख कार्यकारी अधिकृत इञ्जिनियर छविराज पोखरेलले निर्माणाधीन अस्पताल भवन निर्माणकाबारेमा जानकारी दिँदै निर्धारित समयभन्दा एक वर्षअघि नै योजना सम्पन्न गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। उहाँका अनुसार देशकै सबैभन्दा ठूलो र अत्याधुनिक सुविधासहितको बुटवलस्थित प्रादेशिक सरकारी अस्पतालको भवन निर्माण कार्य २६ प्रतिशतभन्दा बढी प्रगति भएको छ।

सो अवसरमा अर्थमन्त्री पौडेलले प्रतिबद्धताअनुसार गुणस्तरमा सम्झौता नगरिकन समयमै भवन निर्माण गर्न निर्देशन दिनुभयो। प्रमुख कार्यकारी अधिकृत पोखरेलले भवनको बेसमेन्ट तयारी र क्यान्सर भवनको ढलान कार्य सम्पन्न भइसकेको, अस्पतालको मुख्य भवनको दायाँबायाँ र बीच भागमा बेसमेन्टको काम सम्पन्न भइसकेको जानकारी दिनुभयो।


यसैगरी, प्राधिकरणका साइट इञ्चार्ज शङ्कर सुवेदीले दोस्रो बेसमेन्ट र बायाँतर्फको पहिलो बेसमेन्टको ढलान सकिएको तथा क्यान्सर उपचार भवनको ऱ्याफ्ट फाउन्डेसनको ढलानसमेत पूरा भइसकेको बताउनुभयो।अस्पतालको स्थलगत निरीक्षणमा उपप्रधानमन्त्री पौडेलका साथ लुम्बिनी प्रदेशका पूर्वमुख्यमन्त्री लीला गिरी, पूर्वस्वास्थ्यमन्त्री तथा प्रदेशसभा सदस्य भोजप्रसाद श्रेष्ठ, नेकपा एमाले पोलिटब्युरो सदस्य दधीराम न्यौपाने, एमाले लुम्बिनी प्रदेश सदस्य गोपाल रानालगायत सहभागी हुनुहुन्थ्यो।

लुम्बिनी प्रदेश सरकारको गौरवको आयोजनाका रुपमा रहेको सो अस्पताल भवन निर्माणका लागि दुई भवन, उपकरण र आन्तरिक व्यवस्थापनसहित लागि रु आठ अर्ब ९९ करोड ७५ लाख ६४ हजार १९९ को लागत 'इष्टिमेट' रहेको छ। भवन निर्माणको जिम्मावारी भारतीय कम्पनी क्याम्पासाइट र नेपाली कम्पनी आशिष कन्स्ट्रक्सन र रेलिगेर सम्मिलित संयुक्त संस्थाले पाएको छ।

अस्पताल भवन निर्माण प्रक्रियाअन्तर्गत २०८० पुस २६ गते सम्झौता भई माघ १८ गतेदेखि निर्माण कार्य सुरु भएको हो।

प्राधिकरणका साइट इञ्जिनियर सुवेदीले पाँच वर्षको म्याद अर्थात् २०८५ पुस २५ गतेभित्र रु छ अर्ब १८ करोडमा निर्माण सम्पन्न गर्ने लक्ष्यसहित काम भइरहेको जानकारी दिनुभयो।उक्त प्रादेशिक अस्पताल भवन १२ तलाको हुनेछ। तल्लो दुई तलामा व्यवस्थित पार्किङ, अगाडि भागमा अन्तरङ्ग सेवा (ओपिडी), आपत्कालीन सेवा (इमर्जेन्सी) र माथिल्ला तलामा एक हजार २०० शय्यासहितको सुविधासम्पन्न उपचार कक्ष रहने प्राविधिक नापनक्साबमोजिम भवन निर्माणको काम तीव्रगतिमा भइरहेको इञ्जिनियर पोखरेलले सो अवसरमा जानकारी दिनुभयो। रासस

# समयमै मल र बीउ पुऱ्याउने गरी कानुन बनाउन लागेका छौँ: कृषिमन्त्री अधिकारी



काठमाण्डु । कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारीले समयमै मल र बीउ पुऱ्याउन आफूहरु लागेको बताउनुभएको छ।

प्रतिनिधिसभा, उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको आइतबारको बैठकमा रासायनिक मलका विषयमा भएको छलफलका क्रममा उहाँले प्रत्येक वर्ष मलको समस्या दोहोरिने गरेकाले त्यस्तो अवस्था नल्याउनका लागि कानुन नै निर्माण गर्न लागेको बताउनुभयो। रासायनिक मल खरिद गर्ने संस्था नै फरक स्थापना गरिनुपर्नेमा पनि मन्त्री खधिकारीले जोड दिनुभएको थियो।

रासायनिक मल खरिद गरेर ल्याउन २५० दिनभन्दा बढी लाग्ने भएकाले १५९ दिनमा झार्ने गरी निर्देशिका संशोधन गर्न लागिएको उहाँले बताउनुभयो । एउटा वडाको मल अर्को वडामा जान १२० दिन लाग्ने गरेकाले छिटो जाने गरी व्यवस्था गर्न लागिएको पनि उहाँले उल्लेख गर्नुभयो । तराईमा १० र पहाडमा १५ दिनमा एउटा वडाको मल अर्को वडामा जाने गरी व्यवस्था गरिने मन्त्री अधिकारीको प्रतिबद्धता छ।

समिति सभापति अब्दुल खानले साल्ट ट्रेडिङ कर्पोरेशनले मलको कोटाका सम्बन्धमा दिएको निवेदनका आधारमा बैठक डाकिएको जानकारी दिनुभयो । बैठकमा सांसदहरु गणेश पराजुली, सूर्यमान तामाङ, मङ्गलप्रसाद गुप्ता, रणेन्द्र बराइली, महेन्द्रबहादुर शाही, सीता मिजार, रमा कोइराला पौडेल, रेखा यादव, हेमराज राईलगायतले प्रत्येक वर्ष खेती लगाउने बेलामा मलको अभाव हुने गरेकाले समस्या छिटो समाधान गर्नुपर्नेमा जोड दिनुभएको थियो।रासस

# योगमायाको साहसिक नेतृत्व आज पनि उत्तिकै सान्दर्भिक: उपसभामुख

काठमाण्डु। उपसभामुख इन्दिरा राना मगरले महिला आन्दोलनकी अग्रणी अभियान्ता योगमायाको योगदान नेपालको मात्रै नभई विश्वकै इतिहासमा अतुलनीय रहेको बताउनुभएको छ।

राष्ट्रिय महिला आयोगद्वारा आइतबार आयोजित 'योगमाया स्मृति दिवस' कार्यक्रममा उपसभामुख रानाले निरंकुश हिंसा र अन्यायको अन्त्य गर्न प्रभावकारी कानुनी कार्यान्वयन र घरघरमा चेतनामूलक अभियान चलाउनु आवश्यक रहेको उहाँको भनाइ छ। योगमायाले सुरु गरेको सामाजिक रूपान्तरण र महिला सशक्तीकरणको यात्रा अझै सान्दर्भिक रहेको उल्लेख गर्दै उपसभामुख रानाले राज्यका सबै



संरचनामा महिलाको समान सहभागिता सुनिश्चित गर्न आवश्यक रहेको बताउनुभयो। राणाशासनकालमा योगमायाले देखाउनुभएको साहस र सामाजिक जागरणका लागि गरेको सङ्घर्ष आजका पुस्ताका लागि प्रेरणाको स्रोत भएको बताउनुभएको हो।

"राणाशासनमा लेख्न, बोल्न र सङ्गठित हुन निषेध गरिएको अवस्थामा योगमायाले सामाजिक सुधार र महिला अधिकारका लागि गरेको योगदान अविश्मरणीय छ", उहाँले भन्नुभयो, "आजको पुस्ताले योगमायाको जीवनबाट प्रेरणा लिएर महिला हकअधिकारको क्षेत्रमा अझ समर्पणका साथ अघि बढ्नुपर्छ।"

महिलामाथिको विभेद, त्यस अवसरमा राष्ट्रियसभा सदस्य जयन्तीदेवी राईले योगमायाले समाजिक तथा धार्मिक सुधारमा अतुलनीय योगदान दिएको भन्दै वर्गीय र जातीय विभेद हटाउनमा पनि अहम्‌ भूमिका खेलेको बताउनुभयो।राष्ट्रिय महिला आयोगकी अध्यक्ष कमला पराजुलीले सामाजिक रुपान्तरणकी सशक्त अभियान्ता योगमायाले दिनुभएको योगदानको कदर गर्दै आयोगले स्मिृति दिवस मनाउँदै आएको बताउनुभयो।रासस

# दोधारा-चाँदनी सुक्खा बन्दरगाहको काम छिट्टै सुरु हुँदैछ : गृहमन्त्री लेखक

दोधारा चाँदनी ।गृहमन्त्री रमेश लेखकले कञ्चनपुरको दोधारा-चाँदनीमा बन्ने सुक्खा बन्दरगाहको काम छिट्टै सुरु हुने बताउनुभएको छ।

आइतबार सुक्खा बन्दरगाह निर्माणस्थलको अवलोकन गर्दै उहाँले बन्दरगाह निर्माणका लागि ठेक्का स्वीकृत भइसकेकाले अब छिट्टै काम सुरु हुने बताउनुभएको हो । गृहमन्त्री लेखकले भन्नुभयो, "बन्दरगाहमा आवश्यक संरचना निर्माणका लागि ठेक्का स्वीकृत भइसकेको छ । अब चाँडै शिलान्यास गर्ने गरी तयारी भइरहेको छ। निर्माण सुरु भएपछि तीन वर्षभित्र बन्दरगाह बनाइसक्ने योजना छ।" बन्दरगाह निमार्णका लागि दोधारा-चाँदनी नगरपालिका-१ स्थित मायापुरी सामुदायिक वनको ४१ हेक्टर जग्गामा एक हजार ५९३ रुख कटान भइसकेका छन्।

भारत सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा निर्माण हुने बन्दरगाहका लागि नेपाल सरकार र भारत सरकारबीच १ जुन २०२३ मा समझदारीपत्रमा हस्ताक्षर भएको थियो । सोही सम्झौताअनुसार दुवै तर्फबाट निर्माणको तयारी भइरहेको हो। भारतीय पक्षले बन्दरगाह निर्माणका लागि दुई अर्ब ५४ करोड ३१ लाख ९९ हजार भारतीय रुपैयाँको लागतमा टेन्डर आह्वान गरेर निर्माण कम्पनी छनोट गरिसकेको छ।

बन्दरगाह निर्माणका लागि प्रयोग हुने जग्गामा दुई वटा गोदाम, भन्सार जाँच तथा क्वारेन्टाइन भवन, इमिग्रेसन तथा सुरक्षा भवनललगायत पूर्वाधार निर्माण हुने इन्टरमोडल यातायात विकास समितिले जनाएको छ। नेपालले सुक्खा बन्दरगाहसम्मको छ लेनको पहुँच मार्ग र महाकाली नदीमा चार लेनको पक्की पुल निर्माण गरिसकेको छ।

भारतले आफ्नो क्षेत्रतर्फ बन्दरगाहसम्मको पहुँचमार्ग निर्माण गरिरहेको छ। सुक्खा बन्दरगाह निर्माणसँगै पश्चिमी नाका सञ्चालनमा आए सुदूरपश्चिम विकासको सम्भावनाको ढोका खुल्ने अपेक्षा गरिएको छ।रासस

# ब्रिक्स राष्ट्रहरूद्वारा ट्रम्पको करमाथि “गम्भीर चिन्ता” व्यक्त



एएफपी

रियो डि जेनेरियो। आइतबार रियो डि जेनेरियोमा हुने ब्रिक्स नेताहरूको बैठकमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको ‘अन्धाधुन्ध’ व्यापार शुल्कलाई अवैध र विश्वव्यापी अर्थतन्त्रलाई नोक्सान पुऱ्याउने जोखिम रहेको भन्दै निन्दा गर्ने अपेक्षा गरिएको छ।

एएफपीले शनिबार प्राप्त गरेको शिखर सम्मेलनको मस्यौदा वक्तव्य अनुसार विश्वको लगभग आधा जनस८्या र विश्वव्यापी आर्थिक उत्पादनको ४० प्रतिशत प्रतिनिधित्व गर्ने उदीयमान राष्ट्रहरू अमेरिकी आयात शुल्कका बारेमा ‘गम्भीर चिन्ता’ मा एकजुट भएका छन्।

जनवरीमा कार्यभार सम्हालेपछि ट्रम्पले सहयोगी र प्रतिद्वन्द्वीहरूलाई समान रूपमा दण्डात्मक कर्तव्यहरूको धम्की दिनुभएको छ।

उहाँको पछिल्लो आक्रमण व्यापारिक साझेदारहरूलाई नयाँ भन्सार शुल्क दरहरूबारे जानकारी दिने पत्रहरूको रूपमा आएका छन् जुन चाँडै लागु हुनेछन् ।शिखर सम्मेलन घोषणाको मस्यौदामा संयुक्त राज्य अमेरिका वा यसका राष्ट्रपतिको नाम उल्लेख गरिएको छैन र आइतबार र सोमबार वार्ताका लागि भेला भएका नेताहरूद्वारा अझै संशोधन गर्न सकिन्छ।

तर यो ब्राजिल, रुस, भारत, चीन र दक्षिण अफ्रिकासहित ११ उदीयमान राष्ट्रबाट वासिङ्टनमा निर्देशित एक स्पष्ट राजनीतिक प्रहार हो ।“हामी एकपक्षीय भन्सार शुल्क र गैर-भन्सार शुल्क उपायहरूको वृद्धिको बारेमा गम्भीर चिन्ता व्यक्त गर्दछौँ जसले व्यापारलाई विकृत गर्दछ र डब्लुटिओ (विश्व व्यापार सङ्गठन) नियमहरूसँग असङ्गत छ”, मस्यौदा पाठले भनेको छ। मस्यौदा पाठले त्यस्ता उपायहरूले ‘विश्वव्यापी व्यापारलाई थप घटाउने धम्की दिन्छ’ र ‘ विश्वव्यापी आर्थिक विकासका सम्भावनाहरूलाई प्रभावित गर्छ’ भनी चेतावनी दिएको छ।

**सी देखिनुभएन**

दुई दशकअघि द्रुत रूपमा बढ्दो अर्थतन्त्रहरूको मञ्चको रूपमा गर्भधारण गरिएको ब्रिक्सलाई पश्चिमी शक्तिको चिनियाँ-सञ्चालित प्रतिसन्तुलनका रूपमा हेरिन्छ ।तर चीनका राष्ट्रपति सी जिनपिङको अनुपस्थितिले शिखर सम्मेलनको राजनीतिक प्रभाव घट्नेछ। सीले राष्ट्रपतिका रूपमा आफ्ना १२ वर्षमा पहिलो पटक वार्षिक बैठक छोड्दै हुनुहुन्छ।

त्यो अनुपस्थितिले केही क्षेत्रमा अनुमानहरू जगाएको छ ।“सबैभन्दा सरल व्याख्या सबैभन्दा व्याख्यात्मक शक्ति हुनसक्छ। सीले हालै बेइजिङमा लुलालाई आतिथ्य दिनुभएको थियो”, अमेरिकी राष्ट्रिय सुरक्षा परिषद्का पूर्व चिनियाँ निर्देशक र्‍यान ह्यासले भन्नुभयो।

उहाँ अहिले ब्रुकिङ्स इन्स्टिच्युसन थिङ्क ट्याङ्कमा हुनुहुन्छ ।चिनियाँ नेता मात्र उल्लेखनीय अनुपस्थित हुनुहुने छैन।

युद्ध अपराधका दोषी रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले पनि टाढा बस्ने छनोट गर्नुभएको छ, तर भिडियो लिङ्कमार्फत भाग लिनुहुने क्रेमलिनले जनाएको छ।

ह्यासका अनुसार पुटिनको गैर-उपस्थिति र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी ब्राजिलमा सम्मानित अतिथि हुने तथ्य पनि सीको अनुपस्थितिमा कारक हुनसक्छ।“सी मोदीद्वारा उत्साहित देखिन चाहनुहुन्न, जसले राजकीय भोज ग्रहण गर्नुहुनेछ”, उहाँले भन्नुभयो, “मलाई लाग्छ प्रधानमन्त्री ली (किआङ) लाई उपस्थिति हस्तान्तरण गर्ने सीको निर्णय यी कारकहरू बीचमा रहेको छ।” तै पनि ब्राजिललाई विश्व मञ्चमा ठूलो भूमिका खेल्न चाहने आयोजक राष्ट्रपति लुइज इनासियो लुला दा सिल्भाका लागि सीको अनुपस्थिति एक धक्का हो।

अर्को वर्ष कडा प्रतिस्पर्धा भएको राष्ट्रपति चुनावमा जानुअघि सन् २०२५ नोभेम्बरसम्मको वर्षमा ब्राजिलले जी-२० शिखर सम्मेलन, ब्रिक्स शिखर सम्मेलन र कोप ३० अन्तर्राष्ट्रिय जलवायु वार्ताको आयोजना गरेको छ।

चुनावमा लुलाले भाग लिनुहुने अपेक्षा गरिएको छ ।वामपन्थी राष्ट्रपतिले रियोमा शिखर सम्मेलन पूर्व व्यापार मञ्चको आयोजना गर्दा शनिबार चिनियाँ प्रधानमन्त्री ली किआङसहितका नेताहरू र गण्यमान्य व्यक्तिहरूलाई लुलाले न्यानो स्वागत गर्नुभयो।

“संरक्षणवादको पुनरुत्थानको सामना गर्दै बहुपक्षीय व्यापार व्यवस्थाको रक्षा गर्नु र अन्तर ाष्ट्रिय वित्तीय संरचनामा सुधार गर्नु उदीयमान देशहरूको जिम्मेवारी छ”, लुलाले कार्यक्रममा भन्नुभयो।

इजरायलसँग १२ दिने द्वन्द्वबाट अझै निको भइरहेको इरानका राष्ट्रपति मसुद पेजेस्कियानले पनि बैठक छोड्दै हुनुहुन्छ र विदेशमन्त्री अब्बास अराघचीद्वारा प्रतिनिधित्व गरिनेछ। वार्ताका बारेमा जानकार एक स्रोतका अनुसार इरानले इजरायल र संयुक्त राज्य अमेरिकाको इरानी सैन्य, आणविक र अन्य साइटहरूमा हालैको बम विस्फोटको कडा निन्दा खोजेको थियो।

तर एउटा कूटनीतिक स्रोतले उक्त पाठले गत महिना ब्रिक्सले दिएको ‘उही सन्देश’ दिने बताएको छ। त्यसपछि इरानका सहयोगीहरूले इरान विरुद्धको आक्रमणबारे ‘गम्भीर चिन्ता’ व्यक्त गरे, तर इजरायल वा संयुक्त राज्य अमेरिकाको स्पष्ट रूपमा उल्लेख गरेनन् ।कृत्रिम बौद्धिकता र स्वास्थ्य पनि शिखर सम्मेलनमा एजेन्डामा हुनेछ।

समूहका मूल सदस्यहरू ब्राजिल, रुस, भारत र चीनमा दक्षिण अफ्रिका र हाल साल साउदी अरब, इरान, संयुक्त अरब इमिरेट्स, इजिप्ट, इथियोपिया र इन्डोनेसिया सामेल भएका छन्।

# उज्वेकिस्तानसँग टाइब्रेकरमा पराजित भएपछि नेपाल एसियन कप खेल्नबाट वञ्चित



काठमाण्डु। एएफसी महिला एसियन कप छनोटअन्तर्गत समूह ‘एफ’को अन्तिम खेलमा नेपाल उज्वेकिस्तानसँग टाइब्रेकरमा पराजित भएको छ।

उज्वेकिस्तानको राजधानी तास्केन्दस्थित बुन्योदकोर रङ्गशालामा आइतबार भएको खेलमा उज्वेकिस्तानसँग नेपाल टाइब्रेकरमा ४-२ गोलअन्तरले पराजित भएको हो। हारसँगै नेपाल एसियन कप खेल्नबाट वञ्चित भएको छ। निर्धारित ९० मिनेटको खेल ३-३ गोलको बराबरीमा समाप्त भएपछि खेलको निर्णय पेनाल्टी सुटआउटबाट गरिएको थियो।

पेनाल्टी सुटआउटमा उज्वेकिस्तानका लागि एम सोयिमोभा, यु जोइरोभा, एम खिक्माटोभा र एम अमिनिजोनोभाले गोल गरिन्। यस्तै नेपालका लागि गीता राना र सविता रानामगरले मात्र गोल गरिन्। सावित्रा भण्डारी ‘साम्बा’को प्रहार बारमा लागेर गोलपोष्टबाट बाहिरिएको थियो। त्यस्तै गोलकिपर अञ्जना रानामगरको प्रहार उज्वेकिस्तानी गोलकिपर एम जोनिमक्युलोभाले बचाइन्। जितसँगै उज्वेकिस्तानले पहिलोपटक छनोट चरण पार गरेर एसियन कपमा स्थान बनाएको छ।

त्यसअघि खेलको पहिलो हाफमा नेपाल उज्वेकिस्तानसँग ३-१ गोलले पछाडी परेको थियो। मध्यान्तरपछिको खेलमा नेपालले दुई गोल गर्दै खेललाई ३-३ गोलको बराबरी ग्यो। पहिलो हाफमा उज्वेकिस्तानका लागि खाबीबुलेएभा र मातफुना सोयीमोभाले एक एक गोल गरिन् भने नेपालकी समिक्षा घिमिरेले एउटा आत्मघाती गोल गर्न पुगेकी थिइन्। यस्तै नेपालका लागि सावित्रा भण्डारी ‘साम्बा’ले एक गोल गरिन्। खेलको दोस्रो मिनेटमा नै घरेलु टोली उज्वेकिस्तानले अग्रता बनायो। उसका लागि खाबीबुलेएभाले गोल गरिन्।

यस्तै खेलको १२औँ मिनेटमा नेपालका तर्फबाट आत्मघती गोल हुन पुग्यो। उज्वेकिस्तानकी कप्तान लिउडमिला कराचिकको क्रस गोल लाइन नजिकै रहेकी नेपालकी समिक्षा घिमिरेको खुट्टामा लागेर गोलमा परिणत भयो। खेलको २४औँ मिनेटमा नेपालका लागि कप्तान साम्बाले गोल गरिन्। खेलको ३७औँ मिनेटमा सरस्वती हमालको ह्यान्ड भएपछि उज्वेकिस्तानले पेनाल्टीको अवसर पायो। पेनाल्टीमा मातफुना सोयीमोभाले गोल गरिन्।

मध्यान्तरपछिको खेलको ७० औँ र ७१औँ मिनेटमा साम्बाले लगातार गोल गरिन्। त्यसपछि दुवै टोलीले थप गोल गर्न नसक्दा खेल टाइब्रेकरमा धकेलिएको थियो। त्यसअघि खेलको पहिलो हाफको इन्जुरी समयमा एन एर्गासिभाले रातो कार्ड पाएर मैदानबाट बाहिरिएपछि उज्वेकिस्तान दोस्रो हाफमा १० खेलाडीमा सीमित रहन पुगेको थियो ।रासस

# फ्रान्सका राष्ट्रपति म्याक्रौँ मङ्गलबार बेलायत जाँदै

एएफपी

पेरिस। फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रौँले मंगलबार देखि बेलायतको राजकीय भ्रमण सुरु गर्नुहुनेभएको छ। उहाँले बेलायती संसदलाई सम्बोधन गर्ने र युक्रेनसम्बन्धी बैठकको सह-अध्यक्षता गर्ने कार्यक्र रहेको छ।

फ्रान्सका राजा चार्ल्स तृतीयले फ्रान्सेली नेता म्याक्रौँ तथा उहाँकी पत्नी ब्रिगिटलाई तीन दिने औपचारिक भ्रमणका लागि निमन्त्रणा गर्नुभएको हो।

म्याक्रौँले बिहीबार ३७औं फ्रेन्को-ब्रिटिस शिखर सम्मेलनमा प्रधानमन्त्री केइर स्टार्मरसँग छलफल गर्नुहुनेछ।

वार्ता युक्रेनलाई सहयोग, च्यानल पार गर्ने अवैध आप्रवासन रोक्न संयुक्त प्रयास र दुई देशबीच रक्षा सहयोगलाई मजबुत बनाउने विषयमा केन्द्रित हुने बताइएको छ ।सन् २०१६ मा इयूबाट बाहिरिने बेलायतको पक्षमा भएको मतदानलाई सङ्केत गर्दै एलिसी प्यालेसले शुक्रबार भनेको छ, “ब्रेक्जिटपछि युरोपेली इयूको शक्तिशाली राष्ट्र फ्रान्सका राष्ट्रप्रमुखको यो पहिलो राजकीय भ्रमण हो ।विज्ञप्तिमा भनिएको छ, “विशेष गरी, प्रधानमन्त्री स्टार्मरले संयुक्त अधिराज्य र युरोपबीचको सम्बन्धको ‘पुनः स्थापना’ को सङ्केत गरेपछि ब्रेक्जिटपछि पहिलो पटक यो भ्रमण हुन लागेको हो।”

अघिल्लो दक्षिणपन्थी बेलायती सरकार (कन्जरभेटिभ पार्टी) को पालामा ब्रेक्जिटपछि पेरिस र लण्डनबीच राजनीतिक तनाव बढेको थियो तर स्टार्मरको नेतृत्वमा रहेको मध्य-वामपन्थी लेबर सरकारको पालामा सम्बन्धमा नयाँ न्यानोपन आएको छ र दुवै देशले युक्रेनका लागि शान्ति स्थापनाका लागि युरोपेली प्रयासको नेतृत्व गरिरहेका छन्।

बकिङ्घम प्यालेसले शुक्रबार म्याक्रोंले आफ्ना पूर्ववर्तीचार्ल्स डी गौल र फ्रान्कोइस मिटर्रान्डको पदचाप पछ्याउँदै मङ्गलबार बेलायती संसद्लाई औपचारिक रूपमा सम्बोधन गर्ने जनाएको छ।

म्याक्रौँ र उहाँकी पत्नी ब्रिगिट लण्डनको पश्चिममा रहेको विन्डसर क्यासलस्थित बेलायती राजा चार्ल्सको निवासमा हुने रात्रिभोजमा सरिक हुनुहुनेछ। विन्डसरमा रहँदा म्याक्रौँले सेन्ट जर्ज च्यापलमा दिवंगत महारानी एलिजाबेथ द्वितीयको समाधिस्थलमा फूल चढाउने कार्यक्रम छ ।भ्रमणका क्रममा म्याक्रौँ र स्टार्मरले बिहीबार लण्डनमा ३७ औं फ्रेन्को-ब्रिटिस शिखर सम्मेलनको आयोजना गर्नेछन्, जहाँ उनीहरूले युक्रेनमा रूसको पूर्ण आक्रमणको प्रतिक्रियामा दुई देशबीच रक्षा सम्बन्धलाई मजबुत बनाउने अवसर हरूको बारेमा छलफल गर्नेछन्।

म्याक्रौँ र स्टार्मरले मस्कोविरुद्ध किएभको प्रतिरक्षालाई बलियो बनाउन ‘इच्छुक’ देशहरूलाई एक साथ ल्याउने वार्ताको सह-अध्यक्षता गर्नेछन् ।दुवै नेताले युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्की, जर्मन चान्सलर फ्रेडरिक मर्ज र इटालीका प्रधानमन्त्री जियोर्जिया मेलोनीसँग कुराकानी गर्नेछन्।

सन् २०२२ मा रुसले पूर्ण रूपमा आक्रमण सुरु गरेयता युक्रेनको सबैभन्दा ठूलो सैन्य सहयोगी संयुक्त राज्य अमेरिकाले मङ्गलबार युक्रेनमा केही प्रमुख हतियार ढुवानी रोक्न लागेको बताएको थियो ।रुसले शुक्रबार राति युक्रेनमा अहिलेसम्मकै सबैभन्दा धेरै ड्रोन र क्षेप्यास्त्र आक्रमण गरेको थियो।

युद्धविरामपछि युक्रेनमा ’आश्वस्त पार्ने सेना’ तैनाथ गर्ने र बिनाशर्त युद्धविराम स्वीकार गर्न रुसमाथि कसरी ‘दबाब बढाउने’ भन्ने विषयमा छलफल हुने एलिसी प्यालेसले जनाएको छ।

कार्यसूचीको अर्को उच्च विषय भनेको आप्रवासीहरूलाई च्यानलको खतरनाक सानो डुङ्गा क्रसिङ गर्ने आप्रवासीहरूलाई रोक्ने रणनीतिमा सहमत हुनु हो, जुन बेलायतको मुख्य चासोको राजनीतिक मुद्दा हो।

इङ्लिस किनारामा धेरै साना डुङ्गाहरू अवतरण गर्ने र अनियमित आप्रवासनलाई नियन्त्रण गर्न बेलायती सरकार दक्षिणपन्थीहरूको बढ्दो दबाबमा पर्ने भएकोले लण्डनले पेरिसलाई अझ धेरै काम गर्न दबाब दिएको छ।

हालैका हप्ताहरूमा, फ्रान्सले आप्रवासी डुङ्गाहरूलाई आफ्नो गहिरो तटीय पानीमा रोक्न विचार गरिरहेको बताएको छ, यद्यपि यो कदमले सुरक्षा र कानुनी मुद्दाहरू उठाएको छ।

शुक्रबार बेलायती सरकारले फ्रान्सेली प्रहरीले आप्रवासी बोकेको एउटा सानो डुङ्गालाई च्यानलपार गर्नबाट रोकेको फुटेजको स्वागत गरेको बताएको छ।

# गाजा युद्धविरामसम्बन्धी वार्ता दोहामा पुनः सुरु हुँदै

एएफपी

जेरुसेलम। इजरायल र हामासबीच गाजामा युद्धविराम र बन्धक मुक्तिसम्बन्धी अप्रत्यक्ष वार्ता आइतबार कतारको राजधानी दोहामा पुनः सुरु हुने भएको छ। यो वार्ता इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहूको अमेरिका प्रस्थानअघि प्रारम्भ हुँदैछ, जसअन्तर्गत उहाँ सोमबार अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग भेटवार्ताका लागि वाशिङ्टन जाने तयारीमा हुनुहुन्छ। नेतान्याहूले दोहामा वार्ता टोली पठाउने जानकारी दिनुभयो। कतार यस द्वन्द्वमा एक प्रमुख मध्यस्थ राष्ट्रका रूपमा सक्रिय रहँदै आएको छ। यद्यपि, उहाँले हामासले अमेरिकी समर्थनमा तयार गरिएको युद्धविराम प्रस्तावमा दिएको प्रतिक्रिया ‘स्वीकार्य नहुने माग’ हरू समावेश भएको टिप्पणी गर्नुभएको छ।

एक प्यालेस्टिनी अधिकारीका अनुसार दोहामा सुरु हुने वार्ताले सम्भावित युद्धविरामका शर्त, बन्धक तथा बन्दीहरूको आदानप्रदान र गाजाको राफा नाका पुनः खोल्ने विषयमा केन्द्रित रहनेछ।

हामासका तर्फबाट वरिष्ठ वार्ताकार खालिल अल-हय्याको नेतृत्वमा वार्ता टोली दोहामा पुगिसकेको छ भने इजरायली टोली आइतबार दिउँसो प्रस्थान गरेको जनाइएको छ। नेतान्याहूले यसअघि इजरायली राष्ट्रपति इसहाक हेर्जोगसँग गाजाको अवस्था र क्षेत्रीय कूटनीतिक सम्बन्धबारे छलफल गर्नुभएको थियो।

प्रस्तावित योजनाअनुसार ६० दिनको युद्धविराम अवधिमा हामासले १० जना जीवित बन्धक र केही शवहरू फिर्ता गर्नेछ, सट्टामा इजरायलले केही प्यालेस्टिनी बन्दीहरूलाई रिहा गर्नेछ। हामासले इजरायली फौजको आंशिक फिर्ता, युद्धविराम अवधिमा पुनः संघर्ष नदोहरिने ग्यारेन्टी र संयुक्त राष्ट्रसंघको खाद्यान्न वितरण प्रणाली पुनः लागू गर्ने माग पनि अघि सारेको बताइएको छ।

यसैबीच, गाजामा मानवीय अवस्था दिनप्रतिदिन गम्भीर बन्दै गएको छ।

स्थानीय नागरिकहरू अत्यधिक खाद्यान्न अभावमा जीवन यापन गर्न बाध्य छन्। दक्षिण गाजाको खन युनिसबाट करिमा अल-रासले “हामी युद्धविरामको घोषणा होस् भन्ने आशामा छौं, मानिसहरू पीठोको लागि मर्नुपरेको छ,” भनेर दुख व्यक्त गर्नुभयो।

# दक्षिण एसियाली करातेमा नेपाल उपविजेता

काठमाण्डु। नेपाल नवौं दक्षिण एसियाली कराते च्याम्पियनसिपमा उपविजेता बनेको छ। नेपाल २१ स्वर्ण, नौ रजत र २० कास्यसहित टिम उपविजेता भएको नेपाल कराते महासङ्घका अध्यक्ष युवराज लामाले जानकारी दिनुभयो।

महिला ६८ केजीमाथि कराते महासङ्घबाट हिमालयन वारियर्स उपनाम पाएकी एरिका गुरुङ, ५० केजीमा पुष्पका लामा, ५५ केजीमुनि सविना श्रेष्ठले व्यक्तिगत र टिम कुमुतेमा नेपाललाई दोहोरो स्वर्ण दिलाए।

प्रदीप बैजाली मगरले यु-२१ र सिनियरको व्यक्तिगत कुमुतेमा समान एक-एक स्वर्ण तथा टिम कुमुतेमा रजत जिते। नेपालमा भएको सातौँ संस्करण र भुटानमा भएको आठौँ संस्करणमा भने नेपाल टिम च्याम्पियन बनेको थियो।



श्रीलङ्काको कोलम्बोमा भएको प्रतियोगतामा भारत टिम च्याम्पियन बनेको छ। भारतले २३ स्वर्ण, २४ रजत र १२ कास्य जित्यो। तेस्रो स्थानको श्रीलङ्काले १६ स्वर्ण, २० रजत र २३ कास्य हात पाऱ्यो भने तीन स्वर्ण, सात रजत र १४ कास्य जितेको बङ्गलादेश चौथो भयो।

छ राष्ट्र सहभागी प्रतियोगितामा पाकिस्तान एक रजत, सात कास्यका साथ पाँचौँ र एक रजत, एक कास्यका साथ भुटान छैटौँ भएको हो ।रासस

# एलन मस्कद्वारा नयाँ अमेरिकी राजनीतिक पार्टीको घोषणा

एएफपी

वासिङ्टन। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका पूर्व सहयोगी एलन मस्कले शनिबार देशको ‘एक-दलीय प्रणाली’ भनेर वर्णन गरेको कुरालाई चुनौती दिन संयुक्त राज्य अमेरिकामा नयाँ राजनीतिक दल स्थापना गरेको बताउनुभएको छ।

संसारका सबैभन्दा धनी व्यक्ति तथा सन् २०२४ को चुनावमा ट्रम्पका सबैभन्दा ठूला राजनीतिक दाता मस्कसँग तथाकथित सरकारी दक्षता विभाग (डिओजिई) को प्रमुखका रूपमा खर्च कटौती र सङ्घीय जागिरहरू घटाउने ट्रम्पको प्रयासको नेतृत्व गरेपछि राष्ट्रपतिसँग तीतो मतभेद भएको थियो।

मस्कले राष्ट्रपतिको विशाल घरेलु खर्च योजनालाई लिएर ट्रम्पसँग झगडा गर्नुभएको छ। यसले अमेरिकी ऋण विस्फोट गराउनेछ भन्दै उहाँले यसका लागि मतदान गर्ने सांसदहरूलाई पराजित गर्न आफ्नो शक्तिमा सबै गर्ने वाचा गर्नुभएको छ ।अब उहाँले कथित ‘अमेरिका पार्टी’ आफ्नै राजनीतिक ढाँचा सिर्जना गर्नुभएको छ र यसमार्फत त्यो हासिल गर्ने प्रयास गर्नुहुनेछ ।“हाम्रो देशलाई बर्बादी र भ्रष्टाचारले दिवालिया बनाउने कुरामा हामी एक-दलीय प्रणालीमा बाँचिरहेका छौँ, लोकतन्त्रमा होइन”, स्पेस एक्स र टेस्लाका मालिकले आफ्नो सामाजिक सञ्जाल प्लेटफर्म एक्समा पोस्ट गर्नुभयो, “आज, अमेरिका पार्टी तपाईंलाई तपाईंको स्वतन्त्रता फिर्ता दिन गठन गरिएको छ।”

मस्कले शुक्रबार, अमेरिकी स्वतन्त्रता दिवसमा अपलोड गरिएको एउटा सर्वेक्षणलाई उद्धृत गर्नुभयो। उक्त सर्वेक्षणमा उहाँले उत्तरदाताहरूलाई ‘लगभग दुई



शताब्दीदेखि अमेरिकी राजनीतिमा प्रभुत्व जमाएको दुई-पार्टी (कोहीले एक-पार्टी भन्छन्) प्रणालीबाट स्वतन्त्रता चाहन्छन् कि’ भनेर सोध्नुभएको थियो। यस सर्वेक्षणले १२ लाखभन्दा बढी प्रतिक्रिया प्राप्त गरेको थियो ।“दुईदेखि एकको अनुपातले, तपाईंहरू नयाँ राजनीतिक दल चाहनुहुन्छ र तपाईंहरूले त्यो पाउनुहुनेछ !” उहाँले शनिबार पोस्ट गर्नुभयो। मस्कले दुई टाउको भएको सर्पको चित्र र ‘एक-दलीय प्रणालीको अन्त्य गर’ भन्ने क्याप्सन भएको मिम पनि साझा गर्नुभयो।

जोखिममा रहेका सांसदहरूमा ‘लेजर-फोकस’

नयाँ पार्टीले सन् २०२६ को मध्यावधि चुनाव वा त्यसको दुई वर्षपछि हुने राष्ट्रपतीय निर्वाचनमा कति प्रभाव पार्नेछ भन्ने स्पष्ट छैन ।ट्रम्पले कांग्रेसका रिपब्लिकनहरूलाई आफ्नो ठूलो घरेलु एजेन्डा ‘ वन बिग ब्युटिफुल बिल’ का रूपमा पारित गर्न दबाब दिनुभएपछि ट्रम्प-मस्क विवाद गत महिनाको अन्त्यमा नाटकीय रूपमा पुनः सुरु भयो ।मस्कले कानूनको कडा विरोध गर्नुभयो र ‘ऋण दासत्व’ लाई समर्थन गरेकामा यसका रिपब्लिकन समर्थकहरूलाई निर्दयतापूर्वक आक्रमण गर्नुभयो।

उहाँले विधेयकको पक्षमा मतदान गर्ने सङ्घीय खर्च घटाउन अभियान चलाउने कानून निर्माताहरूलाई चुनौती दिन नयाँ राजनीतिक पार्टी सुरु गर्ने प्रतिज्ञा गर्नुभयो। विज्ञहरूले यसले अमेरिकी घाटामा एक दशकमा थप ३४ खर्ब डलर थप्ने बताएका छन्।“यदि यो पृथ्वीमा मैले गर्ने अन्तिम काम भयो भने पनि तिनीहरूले अर्को वर्ष आफ्नो प्राथमिक चुनाव हार्नेछन्”, मस्कले यस हप्ताको सुरुमा भन्नुभयो।

मस्कले मुख्य खर्च विधेयकको कडा आलोचना गरेपछि ट्रम्पले प्रविधि व्यापारीलाई निर्वासन गर्ने र उहाँका व्यापारहरूबाट सङ्घीय कोष रोक्ने धम्की दिनुभयो। उक्त विधेयक अन्ततः कांग्रेसबाट पारित भएर कानूनमा हस्ताक्षर भयो। दक्षिण अफ्रिकामा जन्मिएका र सन् २००२ देखि अमेरिकी नागरिकता लिएका मस्कलाई निर्वासन गर्नेबारे विचार गर्ने हो कि भनेर सोधिएको प्रश्नमा राष्ट्रपतिले पत्रकारहरूलाई भन्नुभयो, “हामीले हेर्नु पर्नेछ।”

सर्वेक्षण पोस्ट गरेपछि शुक्रबार मस्कले जोखिममा रहेका सदन र सिनेटका सिटहरू छान्न र मुख्य कानूनहरूमा ‘निर्णायक भोट’ बन्न सम्भावित राजनीतिक युद्ध योजना प्रस्तुत गर्नुभयो ।“यसलाई कार्यान्वयन गर्ने एक तरिका केवल दुई वा तीन सिनेट सिट र आठदेखि १० सदन जिल्लामा लेजर-फोकस गर्नु हो”, मस्कले एक्समा पोस्ट गर्नुभयो ।अमेरिकी सदनका सबै चार सय ३५ सिट प्रत्येक दुई वर्षमा कब्जा गरिन्छ भने सिनेटका एक सय सदस्यमध्ये छ वर्षको कार्यकाल पूरा गर्ने लगभग एक तिहाइ प्रत्येक दुई वर्षमा निर्वाचित हुन्छन्।

केही पर्यवेक्षकहरू कसरी तेस्रो-पार्टी अभियानहरूले ऐतिहासिक रूपमा मत विभाजन गरेको छ भनेर औँल्याउन सङ्कोच गरेनन्। व्यापारी रस पेरोटको स्वतन्त्र राष्ट्रपति उम्मेदवारीले सन् १९९२ मा जर्ज डब्लु बुसलाई पराजित गर्न मद्दत गरेको थियो।

# 'यो मन त मेरो नेपाली हो' प्रदर्शन हुँदै

काठमाण्डु । असार महिनामा नेपाली चलचित्र निकै कम प्रदर्शन हुन्छन् । वर्षातको मौसमको भएकाले पनि निर्माता तथा निर्देशकले यो महिनामा निकै कम चलचित्र प्रदर्शन गर्ने गरेका छन् ।

यसपटक पनि यही असार २७ गतेदेखि एउटा मात्र नेपाली चलचित्र 'यो मन त मेरो नेपाली हो' प्रदर्शन हुँदैछ ।

नेपाली भाषा, संस्कृति र पहिचानको जगेर्ना गर्ने उद्देश्यले निर्माण गरिएको उक्त चलचित्रले विश्वभर छरिएका नेपालीको कथा र भावनालाई चित्रण गर्ने लेखक तथा निर्देशक नर प्रधानले जानकारी दिनुभयो ।उहाँले भन्नुभयो, "हाम्रो भाषा र संस्कृति जोगाएनौं भने भावी पुस्ताले यो धरोहर गुमाउनेछ । हाम्रा पूर्खाले जोगाएको सम्पदा भावी पुस्तालाई हस्तान्तरण गर्नु हाम्रो दायित्व हो । चलचित्रले नेपालीपन प्रति माया र एकताको सन्देश दिन्छ । यसलाई व्यावसायिकभन्दा पनि सांस्कृतिक उपहारको रूपमा लिन सकिन्छ ।"

करिब १७ वर्ष अगाडि नेपालबाट अमेरिका पुग्नुभएका निर्देशक प्रधानले त्यहाँको व्यस्त जीवनले नेपाली संस्कृतिसँगको सम्बन्धमा दूरी बढाएको अनुभव गरेपछि चलचित्र तयार गरेको बताउनुभयो । उहाँका अनुसार चलचित्रले प्रवासमा रहेका नेपालीलाई कला र संस्कृति बारे जानकारी दिन्छ । उक्त चलचित्रलाई शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गतको पाठ्यक्रम विकास केन्द्रले विद्यालयस्तरका बालबालिकालाई देखाउन उपयुक्त ठानेको छ ।

"हाम्रो विषयवस्तुले मनोरञ्जनसँगै शिक्षा पनि दिन्छ । नेपाली भाषा र संस्कृति संरक्षणमा जोड दिइएका कारण चलचित्रलाई बालबालिकालाई देखाउन मिल्ने भनिएको हो । हामीले आफ्नो भाषा र सस्कृतिबारे बाल्यकालबाटै नयाँ पुस्तालाई जानकारी दिनु जरुरी छ", निर्देशक प्रधानले भन्नुभयो ।उक्त चलचित्रमा विजय बराल, रोशन श्रेष्ठ, विल्सनविक्रम राई, बुद्धि तामाङ, आयुषा समाल, नारायण खाती, भुपेन्द्र लिङ्देन, सुवास भण्डारी, विजय सुब्बा, विजिता परियारलगायतले अभिनय गर्नुभएको छ ।रासस

# सय हेक्टरमा धानको बीउ उत्पादन गर्दै सहकारी



टीकापुर । करिब दुई दशकअघिबाट धानको बीउ उत्पादन सुरु गरेको जानकी गाउँपालिका-४ मुनुवास्थित बिजवृद्धि कृषि सहकारीले यस वर्ष सय हेक्टरमा धानको बीउखेती गरेको छ । सहकारीमा आबद्ध जानकी गाउँपालिकाका वडा नं ४ र ७ का करिब सय बढी किसानले धानको बीउखेती गरेका छन् ।

उत्पादनका दृष्टिकोणले उर्वर जमिन र सिँचाइको राम्रो प्रबन्ध भएका कारण किसान धान बीउ उत्पादनमा लागेका हुन् । गत वर्ष सहकारीले तीन हजार ५०० क्विन्टल धानको बीउ उत्पादन गरेको थियो । यसैगरी गहुँ तीन हजार क्विन्टल, तोरी ६० क्विन्टल र मकैको बीउ १२ क्विन्टल किसानबाट खरिद गरिएको सहकारीले जनाएको छ ।

यसरी खरिद गर्दा सहकारीले किसानलाई बजार भाउभन्दा प्रतिक्विन्टल रु तीन सय बढी मूल्य दिने गरेको छ । सुरुमा ४५ जना किसानबाट सुरु गरिएको सहकारीले पछिल्लो समय बीउ उत्पादनमा ठूलो योगदान दिँदै आएको छ । यहाँ उत्पादन भएको बीउ कैलालीका विभिन्न पालिकामा बिक्री हुने गरेको छ । यसबाहेक बर्दिया, बाँके, सुर्खेत, दाङ, कञ्चनपुर, दैलेख, सर्लाही, सप्तरी, सिराहाका किसानले लैजाने गरेका छन् ।

एकपटक बीउ लैजाने किसानले अर्कोपटक खोजीखोजी आउने गरेको सहकारीका पूर्वअध्यक्ष कमलबहादुर कठरियाले बताउनुभयो । "सुरुआतको दिनमा बीउ उत्पादनमा धेरैलाई चासो थिएन, अहिले धेरै किसान बीउ उत्पादनमा लागेका छन्", उहाँले भन्नुभयो, "हामीले बीउ उत्पादन गर्दा मेहेनत गर्‍यौं, अहिले बीउको माग धेरै छ ।"

रानी जमरा कुलरिया सिँचाइ आयोजना आएपछि कृषि कार्यक्रममार्फत सहकारीलाई ठूलो सहयोग भएको भन्दै कठरियाले बीउ ग्रेडिङ र भण्डारणको समस्या छैन भन्नुभयो । सहकारीले गत वर्ष सय हेक्टरमा धान बीउखेती गरेको थियो भने एक सय १५ हेक्टरमा गहुँको बीउ उत्पादन गरेको थियो । दश हेक्टरमा तोरीको बीउ, दुई हेक्टरमा मकै र करिब एक हेक्टरमा मसुरोको बीउखेती गरिएको थियो ।

विसं २०५७ बाट समूहमार्फत तरकारी खेती गर्दै आएको समूहलाई २०६२ सालमा सहकारीमा विस्तार गरी बीउ उत्पादन थालेको हो । किसानको सक्रियताले विभिन्न सङ्घसंस्थाको सहयोगमा बीउ उत्पादनमा लागेको सहकारीलाई रानी जमरा कुलरिया सिँचाइ आयोजना कृषितर्फले ठूलो साथ दियो । सहकारीका विजय बडायकले स्थानीय जातका बीउ प्रयोग गर्दै आएका किसानलाई उत्पादन बढी लिन फाइदा होस् भनी सहकारीमार्फत बीउ उत्पादन थालेको बताउनुभयो ।

सहकारीका व्यवस्थापक गोविन्दराज रावतका अनुसार सहकारीसँग हाल चास सय आठ मेट्रिक टन भण्डारण क्षमताका गोदाम रहेको छ । सहकारीले धेरै बालीका बीउ उत्पादन गर्दै आएको र विभिन्न जिल्लामा पठाउने गरिएको छ । सहकारीको सहयोगमा यहाँका किसानले धान, गहुँ, मकै, मसुरो, तोरी, मासलगायत बालीका बीउ उत्पादन गर्ने गरेका छन् । सिँचाइ आयोजनाले भण्डारण भवन, विभिन्न मेसिन र ग्रेडिङ मेसिन उपलब्ध गराएपछि सहयोग भएको छ ।

किसान लविता कठरियाले तीन बिघा जमिनमा धान तथा गहुँको बीउ उत्पादन गर्दै आउनुभएको बताउनुभयो । विगतमा खेती गर्दा खासै उत्पादन नलिने किसानले सहकारीमै बीउ र मल पाउनुका साथै सहकारीले नै उत्पादन किनिदिने भएपछि खेती गर्न हौसला मिलेको उहाँको भनाइ छ ।

विगतमा मुनुवाका किसान घरकै भकारीमा भण्डारण गरिएको बीउ प्रयोग गर्थे भने कतिपय किसान बीउका लागि अन्यत्र भौतारिन बाध्य थिए । गाउँमै ग्रेडिङ गरिएको गुणस्तरीय बीउ पाउन थालेपछि उनीहरूको सहकारीप्रति आकर्षण बढ्दै गएको छ । उसो सहकारीले आफ्ना सदस्यलाई बीउलगायत अन्य सहुलियत दिँदै आएको छ ।

सहकारीको सदस्य बन्न बीउ उत्पादन गर्ने किसान हुनैपर्ने नियम छ । पैतालीस जना किसानले सुरु गरेको मुनुवा बिजवृद्धि सहकारीमा हाल एक सय नौ जना सेयरसदस्य छन् । सिँचाइ आयोजना कृषि कार्यक्रम कार्यान्वयन एकाइले कृषि उत्पादन वृद्धिका लागि किसान तथा सहकारीलाई सघाइरहेको छ । आयोजनाका प्रमुख भरत कँडेलले मुनुवा बिजवृद्धि कृषि सहकारी संस्था बीउ उत्पादनमा अग्रणी संस्थाका रूपमा काम गरिरहेको र आयोजनाको यस्ता संस्थालाई सधैं साथ रहने बताउनुभयो । "सहकारीले बीउ उत्पादनमा खेलेको भूमिका सराहनीय छ, बिजवृद्धिमा राम्रो काम गरेको छ", उहाँले भन्नुभयो, "समयअनुसार किसानलाई अझै आधुनिकीकरण बनाउनमा हाम्रो प्रयास हुन्छ । हामीले सहकारीमार्फत किसानलाई लाभ होस् भनी सहकारीलाई आवश्यक प्रविधि, भण्डारणका लागि भवन निर्माणमा सघाएका छौं, यो सहयोग निरन्तर हुन्छ ।"

सिँचाइ आयोजना कृषि कार्यक्रम कार्यान्वयन एकाइको सहयोगमा टीकापुर र जानकीका दर्जनबढी सहकारीले बीउ उत्पादनको काम गरिरहेका छन् । किसानले उत्पादन गरेको बीउ सहकारीमार्फत बिक्री वितरण गर्ने गरिएको छ । बीजवृद्धिले बीउ उत्पादनमा सफलता पाएपछि यस क्षेत्रका अन्य सहकारीले पनि बीउ उत्पादनमा चासो दिन थालेका छन् ।रासस

# कुखुराजन्य व्यवसाय धरासयी अवस्थामा



चितवन । भरतपुरको लक्ष्मीपुरमा लामो समय कुखुरापालन व्यवसाय गरेका एक किसानको मृत्यु भएको तीन महिनामा बैंकले सबै सम्पत्ति लिलाम गर् यो । दुई दशकभन्दा बढी यो पेसामा लागेका किसानको मृत्युपछि परिवार बिचल्लीमा परेको छ ।

कतिपय कुखुरापालक किसान अहिले चेक अनादार मुद्दामा प्रहरी हिरासतमा छन् । त्यसो त दुई वर्षअघि यहाँका एक ठूला कुखुरा व्यवसायीले आत्महत्या गरेका थिए ।

नेपाल अण्डा उत्पादक सङ्घका पूर्वअध्यक्ष त्रिलोचन कँडेल ८० प्रतिशत कुखुरापालक किसान विस्थापित भएको बताउनुहुन्छ । उहाँको भनाइमा अहिले कुखुरा पालिरहेकाहरु बैंकको ऋणका कारण ऋण थपेर व्यवसाय टिकाइरहेका छन् । कँडेलले भन्नुभयो, "कोभिडअघिसम्म कुखुरा पाल्ने किसान पाँच हजाार बढी थिए, अहिले घटेर एक हजार हाराहारी होलान् ।"

उहाँका अनुसार आधाभन्दा बढी किसान बैंकको कालोसूची, लिलाम प्रक्रिया र चेक बाउन्समा परेका छन् । साना किसानले थप आँट गरेर व्यवसाय नगरेको उहाँ बताउनुहुन्छ । ती किसानलाई बैंकले ऋण तिर्नका लागि दबाब दिइरहेको छ ।

किसान घटे पनि उत्पादन नघट्नुको पछाडि व्यावसायिक रुपमा फार्म खुलेका छन् । करिब ५० हजारदेखि पाँच लाखसम्म कुखुरा पाल्ने किसान ५० जना छन् । तिनै किसानका कारण उत्पादन विगतको तुलनामा कम घटेको कँडेल बताउनुहुन्छ । अहिले दैनिक ३० लाखदेखि ४० लाखसम्म समयअनुसार अण्डा उत्पादन हुने गर्दछ । चल्लाको उत्पादन भने आधा घटेको छ ।

पोल्ट्री व्यवसायी मञ्चका अध्यक्ष रघुनाथ भट्ट जसको कुखुरा बाँकी छ, उहाँहरुले ४० प्रतिशतभन्दामाथि ऋण थपेर टिकेको बताउनुहुन्छ । अधिकांश व्यवसायीको अवस्था दयनीय रहेको उहाँको भनाइ छ ।

गत वर्षसम्म बैंकको चर्को ब्याज, दानाको मूल्य वृद्धि, अण्डाले उचित मूल्य नपाउनुजस्ता कारण कुखुराजन्य उद्योग सङ्कटमा परेको उहाँको भनाइ छ । उत्पादित चल्लाले बजार नपाउनु, सस्तो मूल्यमा कुखुराको मासु बिक्री गर्न बाध्य हुनुलगायत कारण पनि किसान सङ्कटमा पर्दै गएको भट्ट बताउनुहुन्छ ।

पोल्ट्री व्यवसायी मञ्चका निवर्तमान अध्यक्ष राजेन्द्र लामिछाने भूकम्प, नाकाबन्दी, कोभिड महामारी, आर्थिक मन्दीपछिका समयमा उत्पादित अण्डा र मासुले लागत मूल्य पाउन नसक्दा किसान विस्थापित भएको बताउनुहुन्छ । दानाको कच्चापदार्थ र औषधिको मूल्य दोब्बर बढेको, कामदारको ज्याला बढेको, खोरको भाडा बढेको, कार्टुन, क्रेटलगायत सामग्रीको मूल्य बढेको तर अण्डा र मासुको मूल्य लामो समयसम्म बढ्न नसक्दा किसानको अवस्था दयनीय बनेको उहाँ बताउनुहुन्छ ।

नेपाल लेयर्स कुखुरा पालक सङ्घका अध्यक्ष विनोद पोखरेल कुखुरा पालिरहेकाहरु पनि अधिकांशको ठूलोमात्रामा बैंक ऋण रहेको बताउनुहुन्छ । उहाँको भनाइमा धितो राखेर ऋण लिएकाहरुले धितो बिक्री गरेर ऋण तिर्ने अवस्थासमेत छैन । अहिले कुखुरापालन क्षेत्रमा बैंकमा रहेको धितोले ऋण तिर्न नपुग्ने उहाँ बताउनुहुन्छ । तत्कालीन समयमा लिएको ऋणमा ऋण थप्दै ब्याज तिर्दै आउँदा कुखुरा राख्न नसक्ने अवस्थामा धेरै किसान पुगेको उहाँको भनाइ छ ।

पोखरेल किसान विस्थापित हुँदै गएको, ऋण तिर्न नसकेको र निरन्तर घाटामा काम गर्नुपरेकामा कसैको ध्यान नपुग्ने तर किसानले लागत मूल्य पाउने अवस्थामा सरकार र सरोकारवालाको ध्यान पुग्ने गरेको बताउनुहुन्छ । उहाँले भन्नुभयो, "विगत तीन वर्षदेखि नोक्सान हुँदा कसैको ध्यान पुगेको छैन, किसानले लागत मूल्य पाउन थालेभन्दा धेरैको ध्यानाकर्षण हुन्छ ।"

नेपाल ह्याचरी उद्योग सङ्घका निवर्तमान अध्यक्ष ऋषि पौडेल धेरै ह्याचरी बन्द भइसकेको बताउनुहुन्छ । बाँकी रहेका ह्याचरीले उत्पादन गरेका चल्ला बिक्री नभएपछि पुर्नुपर्ने अवस्था अहिलेको रहेको उहाँ बताउनुहुन्छ । उहाँले भन्नुभयो, "अब कुखुरापालन क्षेत्र टिक्ने अवस्थामा छैन ।" सरकारले समयमा नै सम्बोधन गर्न नसकेमा आत्मनिर्भर रहेको यो व्यवसाय समाप्त भएर जाने उहाँको भनाइ छ ।रासस

# बन्दाखेतीबाट वार्षिक एक करोड भित्रियो

म्याग्दी । जिल्लाको अन्नपूर्ण गाउँपालिका-७ हिस्तान टिकोटका कृषकले बेमौसमी बन्दाखेती गरेर वार्षिक रु एक करोडबढी रकम गाउँमा भित्र्याउने गरेका छन् । अनुकूल भूगोल र हावापानी, राम्रो बजारभाउ पाउने र आयआर्जन गर्न सकिने भएपछि पाउद्वारका बासिन्दाले बर्खामा कोदो, मकै रोप्ने बारीमा बन्दाखेती गर्न थालेका हुन् ।

अन्नपूर्ण-७ का वडासदस्यसमेत रहनुभएका कृषक बुद्धिवीर पुनले टिकोटका एक सय परिवारमध्ये अधिकांशले बन्दाखेती गरेका बताउनुभयो ।

"गत वर्ष रु एक करोड बराबरको बन्दा बिक्री भएको थियो", उहाँले भन्नुभयो, "यसपाली कृषक र क्षेत्रफलसँगै बन्दाको उत्पादन तथा आम्दानी बढ्ने अपेक्षा गरेका छौं ।" उहाँका अनुसार एक जना कृषकले रु एक लाखदेखि रु सातलाख सम्मको बन्दा बिक्री गरिरहेका छन् ।

तीन-चार वर्षअघिसम्म पुनसहित टिका पाइजालगायत पाँच जनाले टिकोटमा बन्दा खेती सुरु गर्नुभएको थियो । दुई हजार २५० मिटर उचाइमा उच्च पहाडी भूगोलमा अवस्थित टिकोटको बेमौसमी बन्दाले बजार पाएपछि पछिल्लो तीन वर्षयता कृषकहरू यसतर्फ आकर्षित भएका हुन् ।

खाद्यबालीको तुलनामा छिटो र नगद आम्दानी हुने भएकाले बन्दाखेती सुरु गरेको टिकोटका कृषक मनराज गर्बुजाले बताउनुभयो । गत वर्ष रु एक लाखको बन्दा बेचेको जनाउँदै उहाँले यस वर्ष १४ रोपनी जग्गामा कोदो र मकैको विकल्पमा बन्दाखेती गरिरहेको उल्लेख गर्नुभयो ।जेठमा लगाएको बन्दा असारको अन्तिम सातादेखि बजार पठाउने हुन्छ । भदौ महिनासम्म बिक्री गर्न मिल्ने गरी यहाँका कृषकले फरकफरक समयमा बेर्ना सारेका मनराजले जानकारी दिनुभयो । रासस


मधेश प्रदेश सरकार

भौतिक पूर्वाधार विकास मन्त्रालय

## पूर्वाधार विकास कार्यालय सर्लाही

मलंगवा, सर्लाही, नेपाल

## पूर्वाधार विकास कार्यालयको जनहितमा जारी सन्देश

सडक हामी सबैको साझा सम्पति हो । यस सम्पतिको प्रयोग गर्ने अधिकार हामी सबैलाई रहेको छ । सडक, मोटरेवल पुल तथा झोलुङ्गे पुल जस्ता भौतिक संरचनाहरुको संरक्षण गर्नु हामी सबैको दायित्व हो । मधेश प्रदेश सरकारको लगानीमा निर्मित यी संरचनाहरु थोरै लगानीको मर्मत सम्भारले धेरै समय सम्म टिकाउ र प्रयोग योग्य रहनेछ । तपाई हाम्रो सानो सहयोग, प्रयास र सूचनाले महत्वपूर्ण भूमिका खेल्नेछ ।

**त्यसैले**:

- सडक अतिक्रमण गरी सडकको केन्द्र विन्दुबाट Right of Way को क्षेत्राधिकारभित्र कुनै पनि स्थायी तथा अस्थायी संरचनाको निर्माण नगरौं ।
- सम्बन्धित निकायको अनुमतिविना कुनै पनि शाखा सडक निर्माण नगरौं ।
- भवन लगायतका पूर्वाधार निर्माण सम्बन्धमा स्थानीय तहले जारी गरेको मापदण्ड पूर्णरुपमा पालन गरौं ।
- सडकमा जथाभावी सवारी साधन पार्किङ नगरौं ।
- निर्माण तथा व्यापारिक सामग्रीहरु सडक तथा फुटपाथमा नराखौं ।
- विभिन्न निर्माण कार्यहरुको समयमा नालीलाई नपुरिने गरी निर्माणकार्य गरौं र पुरिएको खण्डमा पानीको प्रवाहलाई सडकमा नआउने गरी व्वस्थापन गरौं साथै कार्य सकिएपछि नाली सफा गरौं ।
- सडकमा सवारी साधन धुने र पखाल्ने नगरौं ।
- बाढीपहिरो तथा अन्य कारणबाट सडक संरचनाहरु अबरुद्ध एवम् क्षति भएमा सम्बन्धित निकायमा तुरुन्त खबर गरौं ।
- सडकमा घरपालुवा चौपायाहरु बेवारिसे अवस्थामा नछोडौं ।
- सडकको दायाँ-वायाँ रुख विरुवा रोपौं ।
- ढुङ्गा, बालुवा गिट्टी, रड इत्यादि निर्माण सामग्रीहरु सडकपेटीमा नथुपारौं ।
- घर बनाउँदा नेपाल सरकारको मापदण्ड अनुसार सडक छोडेर बनाऔं ।
- निर्माण सामग्री बोक्ने ट्र्याक्टर, टिपर, ट्रकहरुले माटो बालुवा, गिट्टी ढुवानी गर्दा सडकमा झार्दै ढुवानी नगरौं ।
- सडकको दायाँ-वायाँमा क्षति हुने कुनै पनि काम नगरौं ।
- सडकमा फोहोर मैला दुर्गन्धित हुने कुनै पनि वस्तु नफालौं ।
- सडक, बाटो तपाई हाम्रो साझा सम्पत्ति हो त्यसैले संरक्षण गरौं ।
- सुरक्षित तथा भुकम्प प्रतिरोधी आवाश निर्माण गरौं ।
- सडकको सुरक्षा नै सुरक्षित यात्रा सुनिश्चित गर्नु हो ।
- दिगो र बलियो भौतिक संरचनामा जोड दिऔं ।
- प्राविधिकको निगरानीमा भौतिक संरचना निर्माण गरौं ।
- दिगो सडक, पुलपुलेसा, भवन निर्माण हाम्रो सरोकार जोखिमरहित पूर्वाधार सेवा प्राप्ति नागरिक अधिकार ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं ।
- विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।


# सर्पगन्धाको व्यावसायिक खेती



दमौली । देवघाट गाउँपालिकामा दुर्लभ वनस्पति सर्पगन्धाको व्यावसायिक खेती सुरु गरिएको छ । देवघाट-५ को मधुवन सामुदायिक वन उपभोक्ता समितिले जिल्लामै पहिलोपटक चार रोपनी जग्गामा सर्पगन्धाको आठ हजार बिरुवा रोपण गरेको छ । उक्त बिरुवा रोप्नका लागि डिभिजन वन कार्यालयले रु चार लाख र सामुदायिक वन समूहले रु एक लाख १० हजार लगानी गरेको समूहका अध्यक्ष डिल्लीराम अधिकारीले जानकारी दिनुभयो ।

सोही वडाकै चक्रवर्ती सामुदायिक वन समूहले चार हजार र रानीवन समूहले एक हजार सर्पगन्धाको बिरुवा रोपेका छन् । पहिला काठजन्य बिरुवा रोप्ने सामुदायिक वनमा अहिले भने महत्त्वपूर्ण तथा दुर्लभ वनस्पतिका रूपमा लिइने सर्पगन्धाको बिरुवा रोप्न थालिएको हो । देवघाट-५ कै कालिका सामुदायिक वन तथा वडा नं १ को सुनझाँक्री सामुदायिक वनले भने आफैं उम्रिएको सर्पगन्धाको संरक्षण गर्न थालेको छ ।

सर्पगन्धाको महत्व र उपयोगिता बुझेर नै व्यावसायिक खेती गरिएको मधुवन सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष अधिकारीले बताउनुभयो । सामुदायिक वनको आम्दानी बढाउन पनि उक्त खेती गरिएको उहाँको भनाइ छ ।

चक्रवर्ती सामुदायिक वन समूहका अध्यक्ष टुकनाथ अधिकारीले वनमा बढेको झाडी फाँडेर बहुमूल्य जडीबुटीका रूपमा रहेको सर्पगन्धाको खेती गरिएको जानकारी दिनुभयो । सामुदायिक वन उपभोक्ता महासङ्घ गण्डकी प्रदेशका सचिव केशवचन्द्र न्यौपानेले सामुदायिक वनले आम्दानीको विभिन्न स्रोत खोज्नुपर्ने बताउनुभयो ।

सबडिभिजन वन कार्यालय देवघाटका प्रमुख कृष्णप्रसाद भट्टले वन समूहका उपभोक्तालाई सर्पगन्धाको महत्वको बारेमा जानकारी गराएपछि यसको व्यावसायिक खेती गर्न सम्भव रहेको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, "यसअघि धेरैले झाडी ठानेर यसलाई मास्ने गरेका थिए । सर्पगन्धाको महत्व र उपयोगिताका बारेमा जानकारी गराएपछि सामुदायिक वनहरूले अहिले व्यावसायिक खेती गर्न थालेका छन् ।"

दुई सयदेखि पाँच सय मिटरको उचाइमा रहेको जग्गामा मात्र सर्पगन्धाको खेती गर्न सकिने हुँदा देवघाटकै वडा नं १ र ५ बाहेक अन्य वडाका सामुदायिक वनले भने यसको खेती गर्न सम्भव नरहेको भट्टको भनाइ छ । सर्पगन्धाको जरामा रहेका रिपर्पिन, सर्पेन्टाइन र एजमालिन आदि नामका मुख्य वनस्पतिजन्य रसायन उच्च रक्तचाप, निन्द्रा नलाग्ने, डिप्रेसन, मानसिक उत्तेजना र मृगीजस्ता रोगहरूमा समेत उपयोगी भएकाले हानिरहित प्राकृतिक औषधिका रूपमा यसलाई प्रयोग गरिने उहाँले उल्लेख गर्नुभयो । रासस

# ‘म फरार होइन छोराको उपचारका लागि बाहिर छु’



**टुडे समाचारदाता**

जनकपुरधाम । जनता समाजवादी पार्टी (जसपा) मधेश प्रदेशका अध्यक्ष अशोक कुमार यादवले सर्लाही प्रहरीका प्रहरी उपरीक्षक योगेन्द्र खडकासँगको टेलिफोन संवादमा चर्काचर्की भएको केही दिनपछि पहिलो पटक आफ्नो धारणा सार्वजनिक गरेका छन् ।

सामाजिक सञ्जालमार्फत आइतबार पोस्ट गर्दै पूर्व प्रदेश सांसदसमेत रहेका अध्यक्ष यादवले आफू कुनै अपराधमा संलग्न नरहेको प्रस्ट पारेका छन् ।

उनले जिल्लामा भइरहेका ‘बेतिथि, भ्रष्टाचार र लुटतन्त्र’विरुद्ध आवाज उठाउनु अपराध हो भने आफू सयवटा मुद्दा झेल्न तयार रहेको पनि उल्लेख गरेका छन् । “राज्यले मलाई अपराधी ठानेर मुद्दा चलाउने हो भने पनि म डराउँदिन, सधैं जनताको पक्षमा बोलिरहने छु,” यादवले भने ।

हाल आफूलाई फरार घोषित गरिएको भन्ने समाचारहरू विभिन्न मिडिया र सामाजिक सञ्जालमा आइरहेका बेला उनले स्पष्ट पारेका छन् कि आफू फरार होइनन्, र कहिल्यै डराएको पनि होइनन् ।

पोस्टमा उनले आरोप लगाएका छन् कि प्रहरी रातको १२ बजे आफ्नै घरमा डकैती शैलीमा प्रवेश गरी छोरालाई कुटपिट गरेको थियो, जसका कारण छोराको गर्दनको नस समेत फाटेको छ ।

# दिउँसै मादक पदार्थ सेवन गरेका स्वास्थ्य अधिकृत ठाकुरद्वारा दुर्व्यवहार

**जिल्ला स्वास्थ्य कार्यालय पर्साले आयोजना गरेको अभिमुखीकरण तालिममा सहभागी भएर स्वास्थ्यसम्बन्धी जिम्मेवारी वहन गर्दै गरेका ठाकुरले मादक पदार्थ सेवनको अवस्थामा तालिममा भाग लिएर नैतिक पतनको पराकाष्ठा देखाएको आरोप लागेको छ ।**

**टुडे समाचारदाता**

वीरगञ्ज । जनस्वास्थ्य कार्यालय पर्साका संयोजक जयमोद ठाकुरले कार्यालय समयमै मादक पदार्थ सेवन गरी पत्रकारहरुसंग दुर्व्यवहार गरेका छन् । डिउटीको समयमा रक्सी सेवन गरी पत्रकारलाई तथानाम गर्नुका साथै दुर्व्यवहार गरेको चर्को आलोचना र बिरोध भएपछि उनी कुलेलम ठोकेका थिए ।

चलचित्र पत्रकार संघको कार्यक्रम कभरेजका लागि क्लासिक बन्क्वेट पुगेका पत्रकारहरूलाई ठाकुरले गालीगलौज गर्दै अपमानित गरेपछि वातावरण तनावपूर्ण बनेको थियो ।

जिल्ला स्वास्थ्य कार्यालय पर्साले आयोजना गरेको अभिमुखीकरण तालिममा सहभागी भएर स्वास्थ्यसम्बन्धी जिम्मेवारी वहन गर्दै गरेका ठाकुरले मादक पदार्थ सेवनको अवस्थामा तालिममा भाग लिएर नैतिक पतनको पराकाष्ठा देखाएको आरोप लागेको छ ।

घटनास्थल क्लासिक बन्क्वेटमै चलचित्र पत्रकार संघले एउटा चलचित्रको पोस्टर विमोचन कार्यक्रम राखेको थियो । उक्त कार्यक्रममा सहभागी पत्रकारहरूलाई ठाकुरले बाहिर निस्किएर अपशब्द प्रयोग गर्दै दुर्व्यवहार गरेपछि उनीप्रति आक्रोश चुलिएको हो । पत्रकारहरूका अनुसार, जब



उनीहरूबाट मादक पदार्थ सेवनको विषयमा प्रश्न उठाइयो, ठाकुर कार्यक्रमस्थलबाट भागेका थिए ।

मधेस प्रदेश मातहदका सरकारी कर्मचारी, त्यो पनि स्वास्थ्यजस्तो संवेदनशील क्षेत्रमा कार्यरत व्यक्तिले यस्तो गैरजिम्मेवार र आपत्तिजनक व्यवहार देखाउनुले मुख्यमन्त्री सतिश कुमार सिहले चलाएका सुशासनको अभियानलाई ठूलो चुनौती थपेको छ । ठाकुरले सार्वजनिक स्थलमा पत्रकार माथि देखाएको दरुवइ व्यवहारले मधेस प्रदेश सरकारको स्थास्थ्य मन्त्रालय अर्न्तगतको सेवा प्रणाली माझ ठुल्लो प्रश्न खडा गरेको छ ? जसले गर्दा आम नागरिकहरूलाई झनै निराश बनाएको छ ।

कार्यालय समयमै मदिरा सेवन गरेर तालिममा उपस्थित हुनु र पत्रकारलाई तथानाम गर्नु निन्दनीय मात्र नभइ, सार्वजनिक पदको दुरुपयोग समेत हो भन्ने आवाज सामाजिक सञ्जाल र मिडिया माध्यमबाट उठेको छ ।

पत्रकारहरूले ठाकुरलाई तुरुन्त नियन्त्रणमा लिई मादक पदार्थ सेवन परीक्षण (मापसे चेक) गर्नुपर्ने माग गरेका छन् । उनीहरूका अनुसार, यस्ता घटनामा सरोकारवाला निकाय मौन बस्न मिल्दैन । माफगर्ने र लुकाउने प्रवृत्तिले सार्वजनिक सेवा प्रणालीप्रति जनताको भरोसा झनै घट्ने छ ।

स्वास्थ्य विषयमा अभिमुखीकरण गर्न बसेका व्यक्तिहरूमध्ये कोही आफैं अनुशासनहीन, गैरजिम्मेवार र मदिरामा लिप्त देखिनु गम्भीर चिन्ताको विषय भएको र त्यसविरुद्ध अविलम्ब प्रशासनिक कदम चालिनुपर्ने मागं पत्रकारहरूले गरेका छन् ।

घटनापछि जयमोद ठाकुरले कार्यक्रमस्थल छोडेपछि उपस्थित केही स्वास्थ्यकर्मीहरूबाट पनि पत्रकार माथि जाइलागेका थिए । जसले घटनालाई झनै संवेदनशील बनाएको छ ।

घटनापछि प्रमुख जिल्ला अधिकारी र पर्साका प्रहरी उपरीक्षकलाई जानकारी गराइएको पत्रकारहरूले बताएका छन्। प्रशासनले साँझसम्ममा जयमोद ठाकुरलाई नियन्त्रणमा लिएर आवश्यक मापसे परीक्षण गरी कारबाही प्रक्रिया अघि बढाउने आश्वासन दिएको छ ।

सरकारी जिम्मेवारी बोकेको व्यक्तिबाट यस्ता आपत्तिजनक र गैरजिम्मेवार व्यवहार हुनु गम्भीर मुद्दा छ । सार्वजनिक सेवा र पदीय नैतिकता माथिको यसप्रकारको आघातलाई हल्का रूपमा लिने हो भने यस्तो प्रवृत्तिमा थप वृद्धि हुन सक्छ । जनस्वास्थ्य निरीक्षकको रूपमा सेवा दिइरहेका जयमोद ठाकुरप्रति अब निष्पक्ष छानबिन, मापसे परीक्षण र कानुनी प्रक्रिया अघि बढाइनु अपरिहार्य भएको छ ।

# मधेश सरकार अगाडि शहीद परिवारको धर्ना, ६ जना पक्राउ



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारको अगाडि शहीद परिवारका सदस्यहरुले धर्ना दिएका छन् । आइतबार मधेश भवनको दुई नम्बर गेटमा उनीहरुले धर्ना दिएका छन् । धर्नामा बसेका ६ जनालाई धनुषा प्रहरीले पक्राउ गरेको छ ।

धनुषा प्रहरीका प्रहरी नायब उपरीक्षक वरुणबहादुर सिंहले बाटो अवरुद्ध गरेको कारण ६ जनालाई पक्राउ गरेको जानकारी दिए ।

शहीद परिवारहरुले सरकारले आगामी आर्थिक वर्षको बजेटमा शहीद परिवारका लागि राख्ने कार्यक्रम र बजेट कटौती गरेको भन्दै प्रदर्शन गरेका छन् । शहीद प्रतिष्ठानमा रित्त पदमा सदस्य नियुक्त गर्नु पर्ने, हरेक सहिद परिवारलाई रोजगारी दिनुपर्ने र सबैको स्वास्थ्य बिमा हुनुपर्ने माग राखेर सहिद परिवार पटकपटक धर्ना दिँदै आएका छन् ।

विगतको सरकारले एक शहीद परिवार एक रोजगार कार्यक्रममार्फत रोजगारी दिए पनि वर्तमान सरकारले हटाउने प्रक्रिया अगाडि बढाइरहेको सहिद परिवारको गुनासो छ । अधिकांश सदस्यलाई मासिक तलबीबाट हटाएर दैनिक ज्यालादारीमा राखेको उनीहरुको भनाइ छ ।

# सशस्त्र प्रहरीद्वारा लागूऔषधसहित दुई युवक पक्राउ

**टुडे समाचारदाता**

रौतहट । रौतहट जिल्लाको गुजरा नगरपालिका-३ स्थित जंगलशैया-सिम्री भित्री सडक खण्डको जंगल क्षेत्रमा लागू औषधसहित दुई जना युवकलाई सशस्त्र प्रहरीले पक्राउ गरेको छ ।

शनिबार सशस्त्र प्रहरी बल, नेपाल फर्वाड सुरक्षा बेस जंगलशैयाबाट खटिएको गस्ती टोलीले चेकजाँचको क्रममा दुई जनालाई शंका लागी जाँच गर्दा उनीहरूको साथबाट ठूलो परिमाणमा लागू औषध बरामद गरिएको छ ।

पक्राउ परेका व्यक्तिहरूमा बारा जिल्ला निजगढ नगरपालिका-८ का १८ वर्षीय माईला भनिने नव बहादुर वाइवा र सोही ठाउँ बसोबास गर्दै आएका १९ वर्षीय दावा योञ्जन रहेको सशस्त्र प्रहरी रौतहटका प्रमुख एसपी सन्तोष कुमार बस्नेतले बताएका छन् । उनीहरूले झोलामा लुकाईछिपाई लागूऔषध बोकेको अवस्थामा प्रहरीले फेला परेको जानकारी दिएको छ ।

उनीहरूको साथबाट १. ट्रामोडोल ५० एमजी ३०० पिस ,नाइट्राजेपाम ट्याब्लेट्स १० एमजी



१४० पिस ,नेट्रजेकेयर १० एमजी ५ पिस, नुफिन इन्जेक्सन १ थान ,डाइजेपाम १ थान ६. फेनेरगन १ थान बरामद गरिएको एसपी बस्नेतले जानकारी दिएका छन् ।

पक्राउ परेका दुबै जनालाई आवश्यक कानुनी कारबाहीका लागि ईलाका प्रहरी कार्यालय लक्ष्मिनिया विजयपुरमा बुझाइएको सशस्त्र प्रहरीले जनाएको छ ।

स्रोतका अनुसार लागू औषध दुर्व्यसन तथा तस्करी नियन्त्रणका लागि सशस्त्र प्रहरी बलले नियमित रुपमा गस्ती तथा चेकजाँच कार्य जारी राखेको छ ।

# पूर्वाधार विकास कार्यालय प्रमुखमाथि योजना बेचेको आरोप

**टुडे समाचारदाता**

मलंगवा । मधेश प्रदेशसभा सदस्य हसिना खातुनले पूर्वाधार विकास कार्यालय सर्लाहीका प्रमुख विजय कुमार यादवमाथि सांसद विकास कोषको योजना बिना जानकारी बिक्री गरेको गम्भीर आरोप लगाएकी छन् ।

आइतबार प्रदेश सांसद खातुनले सर्लाहीको गोडैता नगरपालिका-१० स्थित सिसोटिया झगरु चोकदेखि सुन्दरपुर जाने सडक स्तरोन्नतिको लागि स्वीकृत ३५ लाख रुपैयाँको योजनाबारे कार्यालय प्रमुख यादवले कुनै जानकारी नदिई योजना बिक्री गरेको दाबी गरिन् ।

उनले जनाए अनुसार सो योजना उपभोक्ता समिति मार्फत संचालन गरिने भन्ने पत्र आफूसँगै रहेको र समितिको गठन प्रक्रिया अघि बढाउन कार्यालय गएकी थिइन् । तर योजना दुई दिनअघि नै सम्पन्न भएको सूचना प्राप्त भएपछि उनी स्तब्ध भएको बताइन् ।



सांसद खातुनले जनाए अनुसार उनले यसबारे प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहलाई जानकारी गराएकी थिइन् । मुख्यमन्त्री सिंहले सांसदको योजना विना सांसदको अनुमती नचलाउन निर्देशन दिएको तर पनि विक्री गरिनु गलत रहेकोले प्रमुख यादवसँग जवाफ माग्ने अश्वासन दिएको बताइन् ।

त्यस्तै, खातुनले आफ्नो पार्टी जनमतका संसदीय दलका नेता महेश यादवलाई पनि योजना बिक्रीबारे जानकारी दिएकी थिइन् । नेता यादवले योजना विक्री गरेको सम्वन्धमा स्थानीय जनतालाई सच्चाइ अवगत गराउनका लागि भनेको र कानुनी प्रक्रियामा जान भनेको बताइन् ।

खातुन मधेश प्रदेशमा सर्लाही क्षेत्र नं १ बाट जनमत पार्टीकी प्रदेशसभा सदस्य छन् ।

पूर्वाधार विकास कार्यालय सर्लाही यसअघि पनि विवादमा मुछिँदै आएको छ। केही समयअघि यसै कार्यालयका कारण जसपा मधेश प्रदेश अध्यक्ष अशोक यादव र सर्लाहीका एसपी योगेन्द्र खड्काबीच विवाद चुलिएको थियो । त्यो विवाद सेलाउन नपाउँदै फेरि कार्यालय प्रमुख यादवको अर्को चर्तिकला सार्वजनिक भएको छ ।

# सडक निर्माणका लागि चक्काजाम

**टुडे समाचारदाता**

राजविराज । सप्तरीको भारदह-हनुमाननगर राजविराज सडक खण्ड अन्तर्गत तिलाठी कोइलाडी-७ स्थित मंसापुर सडक खण्डमा स्थानीयले बिहानैदेखि चक्काजाम गरेका छन् ।

ठेकेदारको लापरबाहीले ४ वर्षदेखि सडक अलपत्र परेको सो सडक खण्डमा खाल्डाखुल्डी र धुलो उड्नाले दिनहुँ सर्वसाधारणले समस्या भोग्दै आउनुपरेपछि आक्रोशित सर्वसाधारणले चक्काजाम गरेको स्थानीयले बताएका छन् ।

अधुरो सडक निर्माणका लागि पटकपटक चक्काजाम गर्दा पनि सुनुवाइ नभएपछि पुनः अहिले चक्काजाम गर्न बाध्यता भएको उनीहरूले बताए ।

सर्वसाधारणको स्वास्थ्य जस्तो संबेदनसिल विषयमा समेत ठेकेदार र सरोकारवाला निकाय मौन भएर बस्नु र पटकपटक आश्वासन दिएर पन्छिनु बाहेक केही नभएकोले स्थानीय



आन्दोलनमा उत्रिनु परेको स्थानीय नेता राहुल मण्डलले बताए ।

राजविराज सदरमुकाम जोड्ने यो सडक खण्डको साँढे १८ किलोमिटरको बाटो निर्माण काम ठेकेदारको लापरबाहीका कारण ४ वर्षदेखि अलपत्र परेपछि सर्वसाधारणले आवतजावत गर्न सास्ती बेहोर्नुपरेको छ ।

शम्भुनाथ नगरपालिकामा रहेको साह इन्जिनियरिङ कन्स्ट्रक्सनले ४ वर्ष अगाडि २५ करोड ७१ लाखमा सो सडक निर्माण कामको ठेक्का लिएर बिचैमा अलपत्र छोडेपछि सडकको अवस्था दिन प्रतिदिन जीर्ण बन्दै गएको छ । सो सडक खण्डमा अन्य समयमा धुलो र वर्षाको समयमा हिलोको समस्या सर्वसाधारणले खेप्नुपरेको छ । यस सडकबाट आवतजावत गर्नेहरू दुर्घटनाको जोखिममा रहेको छ ।

ठेकेदारले विभिन्न बहाना लगाएर आलटाल गर्दै आए पनि काम गरेको भुक्तानी लिएर सडकलाई अलपत्र पारेर छोडेको तिलाठी कोइलाडी गाउँपालिकाका अध्यक्ष अरूणकुमार मण्डलले जानकारी दिए । सडक कार्यालय लाहानले ४ वर्ष अगाडि उक्त ठेक्का साह कन्ट्रक्सनलाई लगाएको थियो ।

# अस्पतालका चिकित्सकद्वारा सेवा बन्दको घोषणा

**टुडे समाचारदाता**

वीरगञ्ज । नेपाल चिकित्सक संघ नारायणी शाखाले चिकित्सक तथा स्वास्थ्यकर्मीमाथि भएका श्रृंखलावद्ध दुर्व्यवहार र आक्रमणको विरोधमा असार २३ गते सोमबारदेखि देशभरका अस्पताल र स्वास्थ्य संस्थाहरूमा आकस्मिक सेवा बाहेक सम्पूर्ण नियमित सेवा बन्द गर्ने निर्णय सार्वजनिक गरेको छ ।

संघको केन्द्रीय कार्यालयद्वारा असार २० गते जारी विज्ञप्तिको समर्थनमा चरणबद्ध रूपमा विरोध कार्यक्रम संचालन गर्ने निर्णयसँगै यो कदम चालिएको छ ।

नेपाल चिकित्सक संघ नारायणी शाखाले सोमबारको विरोध कार्यक्रम सफल पार्न सम्पूर्ण चिकित्सक, स्वास्थ्यकर्मी तथा सम्बन्धित संस्थाहरूलाई ऐक्यबद्धता जनाउन अपील गर्दै सहयोगको



अनुरोध गरेको छ ।

संघले विज्ञप्तिमार्फत भनेको छ, “हाम्रो यो शान्तिपूर्ण संघर्ष व्यावसायिक स्वतन्त्रता, सुरक्षित चिकित्सकीय अभ्यास र चिकित्सकहरूको मर्यादा जोगाउने उद्देश्यले छ ।”

यस आन्दोलनका आगामी चरणहरूबारे थप जानकारी क्रमशः सार्वजनिक गरिने संघले जनाएको छ । संघको कार्यसमिति २०७९-८१ अन्तर्गत अध्यक्ष डा. मनोज कुमार गुप्ता, उपाध्यक्ष डा. आनन्द कुमार चौरसिया, महासचिव डा. नौसाद हक, कोषाध्यक्ष डा. ससवत प्रसादलगायतका सदस्यहरूको नेतृत्वमा आन्दोलन अगाडि बढाइने भएको छ ।

# अविद्वारा विद्यार्थीलाई पुरस्कार



**टुडे समाचारदाता**

जनकपुरधाम । अवि प्रतिष्ठान नेपालले याज्ञवल्क्य संस्कृत माध्यमिक विद्यालय ज्ञानकूप जनकपुरधामस्थित चारजना अध्ययनरत्त विद्यार्थीलाई जमाहिर झा, महाकान्त झा पुरस्कारबाट सम्मान गरिएको छ ।

जनकपुरधाममा आइतबार आर्थिक सहयोग तथा पुरस्कार वितरण समारोह कार्यक्रममा याज्ञवल्क्य संस्कृत माध्यमिक विद्यालयमा कक्षा ११ अध्ययनरत्त विद्यार्थीलाई प्रोत्साहनस्वरुप सम्मान गरिएको छ ।

सो कार्यक्रममा चारजना विद्यार्थीलाई सम्मान गर्दै प्रा.डा. सुरेन्द्र लाभले गरिब जेहनदार तथा सीमान्तकृत विद्यार्थीलाई प्रोत्साहनस्वरुप अध्ययन गर्नका लागि गरिएको यस कार्यको प्रशंसा गरे ।

उनले अहिले समयमा विद्यार्थीको भविष्यसंगै विद्यार्थीलाई प्रोत्साहनको समेत आवश्यकता रहेकाले अध्ययन गर्न चाहने विद्यार्थीका लागि सुनौलो अवसरसमेत रहेको बताए ।

सो कार्यक्रममा कक्षा ११ मा अध्ययनरत्त शुभम पाण्डेय, ऋषिकेश ठाकुर, साक्षी कुमारी झा र भावना कुमारीलाई पुरस्कारसहित तीन हजार रुपैयाँ नगद र सम्मान गरिएको थियो ।

अध्यक्ष विनोदचन्द्र झाले सोमबार महोत्तरीको बनौटास्थित माविमा पनि चारजना विद्यार्थीलाई पुरस्कृतसहित सम्मान गर्ने जानकारी दिए ।

सो प्रतिष्ठानका अध्यक्ष झाको अध्यक्षतामा भएको सो कार्यक्रममा संजयकुमार झा, खानेपानी संस्थानका पूर्वमहानिर्देशक ई.रामदीप साहले पुरस्कृत भएका छात्रछात्रालाई सम्मान गरे ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८